समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक
# टुडे एक्सप्रेस
www.etodayexpress.com
जनकपुरधाम र काठमाडौं बाट एकसाथ प्रकाशित मोफसलको पहिलो पत्रिका टुडे एक्सप्रेस
❑ अंक २० ❑ पृष्ठ ८ | २०७७ मंसिर २४ बुधबार (2020 DECEMBER 09 WEDNESDAY) | ❑ मुल्य रु ५।-

फिफा विश्वकप ०६ | मानवअधिकार महाभेला देशभर मनाइने ०५ | हिरासतमा राखेर कारबाही गर्छौं : डिआइजी सिंह ०८

### जानकी मातासँग मन्त्री भट्टराईको प्रार्थना
## कुनै दलभित्र विग्रह नहोस्

**सन्तोष यादव** / टुडे एक्सप्रेस



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले कुनै दलभित्र विग्रह नहोस् भन्दै जानकी मातासँग प्रार्थना गरेका छन्। जनकपुर विमानस्थलको नवनिर्मित भवनको मंगलवार भएको उद्घाटन समारोहमा बोल्दै मन्त्री भट्टराईले भने, 'नेपालकै पवित्र तीर्थस्थलबाट हामी संकल्प गरौं- यो व्यवस्था ल्याउन संघर्षको अग्रभागमा उभिएका कुनै पनि राजनीतिक दलभित्र विग्रह नहोस्।'

यतिबेला उनी नेता रहेका नेकपाभित्र चरम विवाद देखिएको छ। पार्टी फुट्ने सम्भावना पनि औंल्याइंदै छ। उनले आफ्नै पार्टीलाई लक्षित गर्दै भने, 'दलहरूको विभाजन नहोस्। दलहरूको एकता अझै सुदृढ बनोस्। अनेक दलहरूको बीचमा पनि सहकार्य र सम्बन्ध अझै प्रगाढ बन्दै अगाडि बढोस्। अहिले हाम्रो सरकारको उद्देश्य पनि त्यही छ।'

'२५० वर्ष पुरानो शाहवंशीय शासणलाई अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेका छौं', उनले भने, 'अहिलेको अवस्थामा पुनः पुराना कतिपय घटनाहरू हाम्रो मानसपटलमा आइरहेका छन्। पुनरावृत्ति हुने हो कि भन्ने खतरा छ।' सम्भावित खतरालाई टार्न सबै दलबीच सहकार्य जरुरी भएको उनको भनाई थियो।

प्रदेश २ का उद्योग पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश रायले संविधानले दिएको अधिकारमा समेत हस्तक्षेप गरेर संघीय सरकारले प्रदेश सरकारलाई मुद्दा लड्न बाध्य पारेको गुनासो गरेका थिए। सो सन्दर्भमा मन्त्री भट्टराईले छलफल र समन्वयबाट समस्या समाधान गर्ने प्रतिवद्धता जनाए। प्रदेश २ सरकारसँग संघीय सरकारको सम्बन्ध घनिष्ट रहेको दावी समेत गरे।

### नाका खोल्न आग्रह



प्रदेशका उधोग, पर्यटन, वन तथा वातावरण मन्त्री रायले कोरोना महामारीका कारण लामो समयदेखि बन्द रहेको भारतीय सीमा नाका संचालनमा ल्याउन समेत माग गरेका छन्। उनले मन्त्री भट्टराईसँग नाका खुलाउन पहल गरिदिन आग्रह समेत गरे। मन्त्री रायले भने, 'सर्लाहीमा सबै दलका नेताहरू सीमा खोल्नुपर्ने माग राखेर धर्ना बसेका छन्। त्यहाँ नेकपाको झण्डा पनि हेरें। अन्य दलको झण्डा पनि राखेर नेता कार्यकर्ता धर्नामा छन्। त्यसैले सीमा नखोले आन्दोलनले अर्कै रुप लिन सक्छ। यसतर्फ सरकारको ध्यानाकर्षण होस्।'

### जनकपुर-दिल्ली उडान सुरु गर्न आग्रह

उद्घाटन समारोहमा बोल्दै जसपा नेता राजेन्द्र महतोले पर्यटन विकासका लागि जनकपुरदेखि दिल्ली उडान सुरु गर्न मन्त्री भट्टराईसँग आग्रह गरे। उनले भने, 'भारतको विहार, उत्तर प्रदेश र दिल्लीबाट बर्षेनी ठूलो संख्यामा पर्यटक आउँछन्। यो कुरालाई मध्यनजर राख्दै जनकपुरदेखि पटना र दिल्ली उडान तत्कालै सुरु गर्नुपर्‍यो।' उनले जनकपुरदेखि पोखरा पनि उडान सुरु गर्न माग गरे।

नेता महतोको मागमा प्रदेश मन्त्री रामनरेश राय, जनकपुरधामका मेयर लालकिशोर साह र नेकपाकी साँसद जुली महतोले पनि समर्थन जनाए। उनीहरूले हालसम्म विमानस्थलको नाम 'जनकपुर एयरपोर्ट' रहेकाले सच्याएर 'जनकपुरधाम एयरपोर्ट' नामाकरण गर्न समेत सुझाए।

मन्त्री भट्टराईले विमानस्थलबाट छिट्टै अन्तर्राष्ट्रिय उडान सेवा सुरु गर्ने कुरामा आफु सकारात्मक रहेको बताए। अहिले १३ सय मिटरको रनवे रहेकालाई १६ सय गर्नपर्ने पनि उनले बताए। उनले भने, 'स्थानीय र प्रदेश सरकारले रनवेका लागि जग्गा उपलब्ध गराउनुपर्‍यो। संघीय सरकारले रनवे विस्तार गरिदिन्छ।'

उनले विमानस्थलमा स्थानीय र प्रदेश सरकारको समेत अपनत्व हुनुपर्ने धारणा राखे। एयरपोर्टको नयाँ नामाकरण विषयमा उनले भने प्रदेश मन्त्री राय र जनकपुरधामका मेयर साहलाई एउटा चिट्ठी लेखेर पठाउन सुझाए। उनले भने, 'चिट्ठी पठाएपछि सरकारले 'जनकपुरधाम एयरपोर्ट' नामाकरण गर्ने विश्वास दिलाउन चाहन्छु। यसमा कुनै आपत्ति छैन।'

विभिन्न कारणवस आठ वर्षपछि तयार भएको नयाँ टर्मिनल भवन सुविधासम्पन्न रहेको छ। यहाँ १६ सय यात्रुको क्षमता छ। यसमा स्तनपान र धुम्रपान गर्ने कक्ष पनि छुट्याइएको छ। करिब ३५ वटा सिसि क्यामेरा समेत जडान गरिएको छ। अब करिब हजारौं सवारी साधन पार्किङ गर्दा समेत समस्या नहुने बताइएको छ।

▶ टर्मिनल भवन उद्घाटन समारोहको तस्विर पृष्ठ ७ मा

## संघीय सरकार बेइमान बन्यो : मुख्यमन्त्री राउत

**धर्मेन्द्र साह** / रौतहट

प्रदेश २ सरकारका मुख्यमन्त्री लालबाबु राउतले संघीय सरकारलाई 'बेइमान' को संज्ञा दिएका छन्। रौतहटको गढिमाई नगरपालिकाको वीरनागरामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले संघीय सरकारको निरन्तरको पूर्वाग्राही सोच कायमै रहेको आरोप लगाएका हुन्।

प्रदेश सरकारको मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत गढिमाई नगरपालिकाको वीरनागरामा पोखरी सौन्दर्य करणको शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले समय समयमा संघीय सरकारले प्रदेश सरकारले पाएको झीनो अधिकार समेत खोस्दै आएकोले संघीय सरकार बेइमान रहेको आरोप लगाएका हुन्। 'पाएको झीनो अधिकार समेत प्रयोग गर्न पाएको छैन , संघीय सरकारको अबरोध कायमै रहेको छ', उनले बताए।

मुख्यमन्त्री राउतले प्रदेश सरकारले आन्तरिक तथा बाह्य पर्यटनलाइ बिकास गर्न खोजेको बताए। उनले प्रदेश सरकारले प्रदेशलाई स्वच्छ र सफा बनाउने अभियानमा लागेको बताए। एक दिने भ्रमणमा रौतहट आएका मुख्यमन्त्री राउतले बिभिन्न कार्यक्रममा सहभागी भएका थिए।

उनले दुर्गा भगवती गाउँपालिकाको मत्सरीमा रहेको ऐतिहासिक दुर्गा मन्दिरमा नव निर्मित धर्मशालाको उदघाटन गरे। प्रदेश सरकारको योजनामा निर्मित सो धर्मशालाको उदघाटन भएसंगै सो क्षेत्रका स्थानियवासी खुशि भएका छन्।



## शिक्षकको विभत्स हत्या

**टुडे एक्सप्रेस** / मोरङ

मोरङमा एक शिक्षकको विभत्स तरिकाले हत्या गरिएको छ। मिक्लाजुङ गाउँपालिकाका १ स्थिति सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक राजेन्द्र श्रेष्ठको हत्या भएको हो।

मंगलबार विहान करिब ६ बजे ५४ वर्षीया श्रेष्ठलाई अज्ञात समूहले घरबाटै अपहरण गरी लगेको र केही समयपछि गोली हानी हत्या गरेको प्रहरीले बताएका थिए। तर ९ घण्टापछि घटनास्थल पुगेका प्रहरीले उनको घाँटी रेटेर हत्या गरेको अवस्थामा शव फेला पारेका हुन्। श्रेष्ठको शव घरदेखि एक किलोमिटर पर बर्खेको जंगलमा भेटिएको छ। उनको हत्या विप्लव समुहले गरेको बताएको छ।

यता, सरकारद्वारा प्रतिबन्धित विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले शिक्षक श्रेष्ठ गरेको स्वीकारेको छ। श्रेष्ठले आफ्ना कार्यकर्ताविरुद्ध सुराकी गरेको र सम्झाउन जाँदा उल्टै हतियार प्रयोग गरेपछि प्रतिकारका क्रममा उनी मारिएको मंगलबार सो पार्टीका मेची-कोशी ब्युरो इन्चार्ज 'प्रताप'ले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

Wifi ....... भनेकै
WORLDLINK

Radio Janakpur
ESTD 2063
सामुदायिक रेडियो ९७ मेगाहर्ज
अहिंक रेडियो अहिंक आवाज
'अहिंक रेडियो अहिंक आवाज'
रेडियो जनकपुर
मधेशको पहिलो एफ. एम.
९७ मेगाहर्ज
Radiojanakpur 97.0 mhz
Radio Janakpur 97.0 Mhz
www.radiojanakpur.org.np
बिहान ५ बजे देखि बेलुका ११ बजेसम्म रेडियो सुन्न नभुल्नुहोला

# प्रदेश २ सरकार दलित बिरोधी : सांसद साह

**संजय मिश्रा** / रौतहट

नेपाल कम्युनिस्ट पार्टीका नेता एवं सांसद प्रभु साहले प्रदेश २ सरकारले जनता आवास निर्माण कार्यक्रमको अर्बौं रुपैया हिनामिना गरेको आरोप लगाएका छन्। साहले दलितको घर बनाउन आएको रकम भ्रष्टाचार गरेर प्रदेश २ सरकारले दलित बिरोधी चरित्र देखाएको दावी गरे।

जिल्ला सदरमुकाम गौरमा मंगलबार आयोजित दलित अगुवा कर्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता साहले दलित समुदायको घर निर्माणका लागि केन्द्रीय सरकारले बिगत तीन बर्षदेखि पठाइएको अर्बौं रुपैयाँ घर निर्माण नै नगरी प्रदेश सरकारले हिनामिना गरेको आरोप लगाएका हुन्।

संघीय सरकारले बिगत तीन बर्षदेखि पठाएको अर्बौं रकमले कति दलितको घर निर्माण भयो भन्दै उनले प्रदेश २ सरकारसंग जवाफ माग गरेका छन्।



'घरवारविहीन दलित समुदायको घर निर्माणका लागि संघीय सरकारले अर्बौं रकम तीन बर्षदेखि पठाइएको छ', सांसद साहले भने, 'तर प्रदेश सरकारको लापरबाहीले दलित समुदायको घर बन्न सकेको छैन।'

नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले अहिले हजारौं दलित समुदायको सो योजना अनुसार घर बनाउन सकिने बताउदै संघीय सरकारले पठाएको रकम कहा गयो भन्दै प्रश्न समेत उठाएका छन्।

प्रदेश सरकार प्रदेशका जनताको शिक्षा, स्वास्थ्य, आवास, रोजगार जस्ता समस्या समाधान गर्न असमर्थ रहेको उनले बताए। सोही कारण अन्य प्रदेशको तुलनामा प्रदेश २ पछाडि परेको उनले बताए।


नेता साहले प्रदेश २ को ८ वटै जिल्लामा दलित समुदायको घर निर्माणका लागि जनता आवास निर्माण कार्य प्रभावकारी रूपमा हुनुपर्ने बताए।

जनता आवास निर्माण कार्यक्रमले दलित समुदायलाई प्रत्यक्ष रूपमा सहयोग पुग्छ साहले भने, यो कार्यक्रम प्रदेश २ को ८ वटै जिल्लामा तुरुन्त सुरु हुनुपर्छ नत्र प्रदेश सरकारको विरुद्धमा जनता नै सडकमा आउने उनले चेतावनी दिएका छन्।

कार्यक्रममा संघीय सांसद समिना हुसैन, प्रदेश सांसद कुन्दन कुशवाहा, नेकपा प्रदेश कमिटि सदस्यहरू सम्भु साह, त्रिभुवन साह, उपेन्द्र साह, यमुनामाई गाँउपालिकाकी उपाध्यक्ष गिता देवी, दलित नेता बिरचन राम लगायतले प्रदेश २ सरकारको गतिबिधि दलित बिरोधी रहेको आरोप लगाएका थिए।

# लैङ्गिक हिंसा निवारण कोष स्थापना

**विनय कर्ण** / राजविराज



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान चलिरहँदा सप्तरीको बोदे बरसाईन नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने निर्णय गरेको छ। नगरपालिकाले महिला सशक्तिकरण, हक अधिकार सुनिश्चितताका लागि प्रेषण प्रणाली सम्बन्धि कार्यविधि ऐन २०७७ तथा स्थानीय लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि ऐन २०७७ सम्बन्धि महत्वपूर्ण निर्णय पारित गरेको हो ।

नगर प्रमुख आतेश कुमार सिंह यादवले महिलाको हक अधिकार सुनिश्चिता र सुरक्षाको प्रत्याभूति गराउन यस्तो निर्णय गरेको बताए । उनले यो निर्णयबाट नगरपालिका भित्र अन्यायमा परेका महिलाहरूलाई न्यायमा पहुँचका लागि सहज हुने विश्वास व्यक्त गरे। 'नगरपालिकाको बैठकले गरेको यो महत्वपूर्ण निर्णयबाट महिला शसक्तिकरण हुनका साथै लैङ्गिक हिंसा निवारणमा पनि ठूलो टेवा पुऱ्याउँछ', उनले भने।

बढ्दो लैङ्गिक हिंसाको अवस्थालाई मध्यनजर गर्दै कार्यपालिकाको बैठकले उक्त निर्णय पारित गरेको प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र नाथ शर्माले जानकारी दिए। उनले नगरपालिका अव छिट्टै स्थानीय लैङ्गकि हिंसा निवारण कोष स्थापना गरी संचालनमा ल्याउने बताए।

अधिकारकर्मी मनोहर कुमार पोखरेलले लैङ्गिक हिंसा निवारण कोषको स्थापनाबाट महिला माथि हुने सबै किसिमका हिंसा न्यूनिकरणमा मद्दत पुग्ने विश्वास व्यक्त गरे। उनले यस अघि जिल्लाको राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, सुरुङ्गा नगरपालिकाले कोष स्थापना गरिसकेको जानकारी दिए।

'कोषको स्थापनाबाट हिंसा प्रभावित महिलालाई तत्काल न्यायमा पहुँच, राहत, कानूनी सहायता, उद्धार तथा पुनर्स्थापना गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ,' पोखरेलले भने, 'यो कोषको स्थापना सबै पालिकाले गर्नुपर्छ, सप्तरीको १८ वटा स्थानीय तह मध्ये अहिलेसम्म ४ वटा पालिकाले आफूहरूको पहलमा कोषको स्थापना गरेको छ, यसको आवश्यकता छ र राजविराज नगरपालिकाले छिट्टै कोष स्थापना गर्ने प्रतिवद्धता जनाएको छ।'

कोष स्थापना न्यूनतम रु १ लाखबाट सुरु गरि पछि आवश्यता अनुसार वृद्धि गरिदै लगिने बताइएको छ।

# चिसोले कठ्याँग्रिएर एकको मृत्यु

**सुखिलाल चौधरी** / उदयपुर

चिसोले कठ्याँग्रिएर उदयपुरमा एक जनाको ज्यान गएको छ। त्रियुगा नगरपालिका ११ स्थित डिएमगेट मेन चोक सडक खण्ड अन्तर्गत त्रियुगा नमूना मावि गाईघाटको पुरानो भवन सडकमा ओत लागि मागेर हिँड्ने एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा त्रियुगा नगरपालिका ११ का ५६ वर्षीय लक्ष्मण भुजेल रहेको प्रहरीले जनाएको छ। सडकमा मागेर हिँड्ने भुजेलको मृत्यु अत्याधिक चिसोका कारण भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

उनको साविक घर गाईघाट भएपनि घर गाईघाट-दिक्तेल सडकमा परेर भत्काइयो। घरबारविहीन भुजेलले मागेरै खाने गरेको स्थानीयले जानकारी दिए। उदयपुरमा मंगलबारबाट चिसो निकै बढेको छ। चिसोले गर्दा जनजीवन प्रभावित बनेको छ।

## आजको राशिफल



**ई. बिबेक**
प्रसिद्ध ज्योतिषाचार्य

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** चु, चे, चो, ला, लि, लु, ले, लो, अ - बिभिन्न अवसर आउने तथा स्रोत साभन जुट्नाले महत्वपुर्ण कामहरु समयमानै फत्ते गर्न सकिनेछ ।

**वृष :** इ, उ, ए, ओ, बा, बि, बु, बे, बो - शत्रु र प्रतिद्वन्द्वीको योजना र चलखेल थाहा पाउनाले काम गर्न सजिलो हुनेछ ।

**मिथुन :** का, कि, कु, घ, ङ, छ, के, को, ह - आकस्मिक भौतिक सम्पति तथा सवारि साधन प्राप्तिको योग रहेको छ भने बाधा अवरोधहरु स्वत हटेर जानेछन् ।

**कर्कट :** हि, हु, हे, हो, डा, डि, डु, डे, डो - हतारको निर्णयले काम बिग्रन सक्छ । रोकिएका घरेलु कामकाज सिद्धयाउन निकै खट्नु पर्नेछ ।

**सिंह :** मा, मि, मु, मे, मो, टा, टि, टु, टे - समस्या समाधानका लागि चालिएका कदमबाट परिणाममुखि नतिजा आउने हुनाले मन प्रशन्न रहनेछ ।

**कन्या :** टो, प, पि, पु, ष, ण, ठ, पे, पो - राम्रै फाइदाको योग छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । रोकिएका काम सम्पादन हुनेछन् ।

**तुला :** र, रि, रू, रे, रो, ता, ति, तु, ते - पारिवारिक माहोलमा दिन बित्नेहुँदा मन प्रशन्न रहनुका साथै परिवारका सदस्यहरु खुसि रहनेछन् ।

**वृश्चिक :** तो, ना, नि, नु, ने, नो, या, यि, यु - केही खर्च लागे पनि सोचेको काम बन्नेछ । व्यवसायमा थप लगानी बढाउन सकिने छ ।

**धनु :** ये, यो, भ, भि, भु, ध, फा, ढ, भे - अधुरा कामहरु पूरा हुनुका साथै नयाँ कामका अवसर आउनेछन् ।

**मकर :** भो, ज, जि, खि, खु, खे, खो, गा, गि - दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक कामको दायित्व बढ्नेछ ।

**कुम्भ :** गु, गे, गो, सा, सि, सु, से, सो, द - सामाजिक तथा धार्मिक कार्यमा मन जानेछ भने मन्दिरको यात्रा गरि प्रसाद ग्रहण गर्न सकिनेछ ।

**मिन :** दि, दु, थ, झ, ञ, दे, दो, च, चि - सहयोगीहरुको भरपर्दा सबै काम नबन्न सक्छन्, सजग रहनुहोला ।

# विकासको नमूना नगर बन्दै लहान

**राजु विश्वकर्मा** / लहान

सिरहाको लहान नगरपालिका पछिल्लो समय विकासको नमूना नगरको रुपमा परिचित हुन थालेको छ। विगतमा उपेक्षाका कारण विकासमा पछि परेको सो नगरपालिकामा जनप्रतिनिधि आएसँगै नगरक्षेत्रमा विकासको लहर तीव्र रुपमा शुरु भएको हो।

नगरपालिकाले मुख्यतः भौतिक पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर योजना तर्जमा र त्यसको प्रभावकारी कार्यान्वयन गर्न थालेपछि लहान अहिले विस्तारै आफ्नो स्वरुप फेरिन थालेको छ। विगतमा अतिक्रमण र कुरुप शहरको रुपमा पहिचान बनाउँदै आएको लहान नगरपालिका अहिले सडक अतिक्रमण गरी बनाइएका छाप्रो हटाउनेदेखि सडकको स्तरोन्नतिको कार्यलाई तीव्रता दिएको छ। यसले विकासको अनुभूति हुन थालेको लहान नगरपालिका-८ का सत्यनारायण चौधरीले बताए।

उनले भने, 'बजार क्षेत्रमा सार्वजनिक सडक अतिक्रमण गरी छाप्रो ठड्याउने क्रम बढेको थियो, जनप्रतिनिधि आएपछि अतिक्रमण गरी बनाइएका त्यस्ता संरचना हटाउनेदेखि सडक पूर्वाधार निर्माणमा जोड दिएको देखिन्छ।' साँघुरो सडकका कारण सधैं ट्राफिक जाम हुने लहानका मुख्य तथा सहायक सडक यतिबेला जनप्रतिनिधिको सक्रियतामा फराकिलो र कालोपत्र भएको उनको भनाइ छ।

'बीस वर्षसम्म स्थानीय तहमा जनप्रतिनिधि नहुँदा विकास निर्माण प्रायः ठप्प भएको थियो', स्थानीयवासी सुभाष साहले भने, 'जनप्रतिनिधि आएपछि नगरपालिकामा विकासको लहर नै चलेको आभास भइरहेको छ।' उनका अनुसार पूर्व–पश्चिम राजमार्गमा पर्ने लहान बजारमा बाटो स्तरोन्नतिसँगै पानी निकासका लागि नाला निर्माणको काम धमाधम हुन थालेपछि स्थानीयवासी उत्साहित भएका छन्। बाटो स्तरोन्नतिका साथै यातायात आवागमन सहज बनाउन नगरक्षेत्रमा व्यवस्थित बसपार्कसमेत सञ्चालनमा ल्याएका कारण दुर्घटनाको जोखिमसमेत कम भएको उनको भनाइ छ।

कूल १६७ दशमलव १७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो नगरपालिका क्षेत्रभित्रका करिब १० किलोमिटर सडक कालोपत्र र १८ किलोमिटरभन्दा बढी कृषि सडक ग्राभेल भइसकेको जनाइएको छ। यसका साथै ती कृषि सडकमा आधादर्जन पुलसमेत निर्माण गरिएको छ। लहान बजारको सौन्दर्यकरणसँगै आर्थिक स्रोतको रुपमा रहेको तरकारी हाटबजार, पार्क, सलहेश दीनाभद्री सपिङ कम्पलेक्स तथा घण्टाघर निर्माणको कार्यलाई महत्वाकांक्षी योजनाको रुपमा नगरपालिकाले अगाडि बढाएको छ।

नेपालकै सबैभन्दा बढी वडा अर्थात् २४ वडा रहेको यो नगरपालिकाको सबै वडालाई सडक सञ्जालमा जोड्ने गरी चक्रपथ निर्माणका लागि डिपिआर तयार पारेर सडक पूर्वाधार विकासमा जोड दिएको लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमनन्द भुषालले बताए। कूल ९१ हजार ७६६ जनसंख्या रहेको लहान नगरपालिकामा कूल जनसंख्याको करिब १५ प्रतिशत विपन्न परिवार रहेको तथ्यलाई मनन गर्दै गरिब, विपन्न र दलित परिवारका लागि नगरपालिकाले नमूना एकीकृत बस्ती निर्माणको योजनालाई महत्वका साथ अघि बढाएको उनको भनाइ छ। 'हामीले गरिब, विपन्न र दलित परिवारको पहिचान गरी नमूना एकीकृत बस्ती बनाउन थालेका छौं', प्रमुख प्रशासकीय अधिकृत भुषालले भने, 'तराई-मधेश संवृद्धि कार्यक्रमअन्तर्गत वडा नं ५ मा १० वटा भवन निर्माण गरी हस्तान्तरण गरिसकेका छौं र वडा नं ११ मा पनि भवन निर्माण अन्तिमचरणमा पुगेको छ।' भवन निर्माण सकिएपछि समुदायलाई हस्तान्तरणको गृहकार्यसमेत भइरहेको उनको भनाइ छ।

नगरपालिकाको विभिन्न वडामा छरिएर रहेका विपन्न दलित समुदायका लागि नगरपालिकाले नेपालकै नमूना कार्यक्रमसमेत ल्याएको छ। 'नगरपालिकाको २४ वटै वडाका दलित तथा विपन्न परिवारको तथ्यांक संकलनका लागि सर्वेक्षणको काम भइरहेको छ', प्रमुख प्रशासकीय अधिकृत भुषालले भने, 'सर्वेक्षण सकिएपछि पहिचान भएका दलित विपन्न परिवारलाई पहिचान कार्ड दिन्छौं र त्यहीँ कार्डका अनुसार नगरपालिकाले मासिकरुपमा राहत उपलब्ध गराउने छ।' विपन्नलाई मासिक रुपमा उपलब्ध गराउने राहतबारे ठोस निर्णय नभए पनि चामल, दाल, नून, तेललगायतका राहत सामग्री उपलब्ध गराउन सकिने योजना छ। विपन्न परिवारकै लागि विभिन्न वडामा खानेपानी ट्युवेल जडान तथा शौचालयसमेत निर्माण गरेको नगरपालिकाले जनाएको छ। भौतिक पूर्वाधार निर्माणसँगै कृषि क्षेत्रलाई प्राथमिकता दिएको नगरपालिकाले वर्षौंदेखि बीउबिजन र मलखादको समस्या झेल्दै आएका किसानलाई यस वर्ष समयमै उन्नत बीउबिजन तथा मलखाद अनुदानमा वितरणसँगै पशुपालक किसानलाई उन्नत जातको बोकासमेत वितरण गरेको छ।

आर्थिक सम्वृद्धिका लागि पर्यटनलाई जोड दिएको लहान नगरपालिकाले नगरक्षेत्रभित्रका पर्यटकीय सम्भावना बोकेका स्थलको संरक्षण, सम्बर्द्धन, जीर्णोद्धार र सौन्दर्यकरण कार्यलाई जोड दिएको छ। प्रत्येक वर्षको पहिलो दिन अर्थात वैशाख १ गते मात्र फूल्ने फूलका कारण चर्चित धार्मिक पर्यटकीयस्थल सलहेश फूलबारीलाई सलहेश सर्किटको रुपमा विकास गर्न लागेको लहान नगरपालिकाको योजना शाखाका प्रमुख इन्जिनीयर शत्रुधनप्रसाद चौधरीले बताए।

'ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व बोकेको सलहेश फूलबारीलाई सलहेश सर्किटको रुपमा विकास गर्ने गरी योजना बनाएका छौं', उनले भने, 'त्यहीअनुसार अहिले सडक निर्माणलगायत भौतिक पूर्वाधार र संरचना निर्माण भइरहेका छन्।' यसका साथै पर्यटकलाई लोभ्याउन सकिने भवरा दह, देवी दह, मानिक दहलगायतका दहको जीर्णोद्वार तथा राजदेवी मन्दिरलाई व्यवस्थित र सौन्दर्यकरण गर्न थालिएको उनको भनाइ छ।

प्रमुख चौधरीका अनुसार लहान बजारक्षेत्रमा पर्ने पुरानो नहरको स्तरोन्नति गरी सफा पानी ल्याउन र नगरक्षेत्रलाई सफा, स्वच्छ, सुन्दर नगर बनाउने अवधारणा रहेको छ। वडा नं १५ ढोढनादेखि बेतहासम्म ट्र्याक खोल्ने कार्य अन्तिमचरणमा पुगेको उनको भनाइ छ।

विसं २०३२ मा स्थापना भएको सो नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकता दिएको छ। कूल साक्षरता दर ५७ दशमलव ९४ प्रतिशत रहेको नगरपालिकामा महिलाको साक्षरता दरमा वृद्धि गर्न महिलाका लागि प्राविधिक तालीमसमेत दिने गरी माध्यमिक विद्यालय सञ्चालन गर्ने तयारी गरिएको छ। तथ्यांक अनुसार नगरपालिका क्षेत्रभित्र पुरुषको साक्षरता दर ६६ दशमलव ६६ प्रतिशत र महिलाको साक्षरता दर ४४ दशमलव ५१ प्रतिशत छ। यही अवस्थालाई दृष्टिगत गरी महिलाको साक्षरता दर बढाउन शिवशक्ति महिला आवासीय माध्यमिक विद्यालय निर्माण पनि भइरहेको छ। सो विद्यालय निर्माणको कार्य अन्तिमचरणमा पुगेको छ। नगरक्षेत्रका विद्यालय तथा स्वास्थ्य चौकीको सुधार कार्यक्रम अन्तर्गत स्तरोन्नति र भौतिक पूर्वाधार निर्माणको काम भइरहेको जनाएको छ।

उद्योग व्यवसायीलाई प्रवर्द्धन गर्न नगरपालिकाले वडा नं १४ मा उद्योगग्राम निर्माण गरिरहेको बताउँदै वडा नं ९ का अध्यक्ष प्रदीपकुमार चौधरीले उद्योग ग्रामसँगै नगरक्षेत्रका उद्योग व्यवसायीलाई प्रोत्साहन गर्न नगरपालिकाले प्रोत्साहन कार्यक्रम समेत ल्याएको जानकारी दिनुभयो। २०३६ सालदेखि अड्किएको टाउन प्लानिङको कार्यलाई समेत नगरपालिकाले अगाडि बढाइएको छ।

नगरक्षेत्रको समग्र विकास गरी सम्वृद्ध नगरको रुपमा स्थापित गर्ने लक्ष्यका साथ योजना अघि बढेको लहान नगरपालिकाका प्रमुख मुनी साह सुडीले बताए। 'हाम्रो लहान, सम्वृद्ध लहान' भन्ने नाराका साथ नगरपालिकाले सञ्चालन गरेको योजनाबाट स्थानीयवासीमा देखिएको उत्साहका कारण आफूहरूमा थप ऊर्जा मिलेको उनको भनाइ छ। चालु आर्थिक वर्षको नीति कार्यक्रममा भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सिँचाइलाई प्राथमिकतामा राखेको नगरप्रमुख साहले बताए। 'सम्वृद्ध लहानको परिकल्पनाका साथ पारदर्शी रुपमा नगरपालिकाले आफ्ना योजना सञ्चालन गरिरहेको छ', उनले भने, 'आफ्नो कार्यकालभित्रै लहान नगरपालिकालाई सम्वृद्ध बनाउने संकल्पका साथ कार्य गरिरहेका छौं, मेरो कार्यकालभित्रै लहान नगरपालिकाको मुहार फेरिन्छ।'

आर्थिक अनियमितता र जनप्रतिनिधिबीचको विवादका कारण मुलुकका अधिकांश स्थानीय तहले जनअपेक्षा अनुसार काम गर्न नसकिरहेका बेला लहान नगरपालिकाले ल्याएको विकासको लहर आफैमा उदाहरणीय भएको स्थानीय बुद्धिजीवी सन्तोष गुप्ताको भनाइ छ।

# प्रशासन कार्यालय सौन्दर्यीकरणका लागि बैंकहरूले सहयोग गर्ने

**टुडे एक्सप्रेस** / रौतहट




सदरमुकाम गौरमा रहेका सरकारी तथा निजी बैंकहरूले जिल्ला प्रशासन कार्यालय गौरलाई सहयोग गर्ने भएको छ। जिल्ला प्रशासन कार्यालय गौरमा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादबको पहलमा बसेको बैंकर्ससंगको अनौपचारिक बैठकमा बैंकहरूले सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको हुन्। बैंकहरूले बहन गर्नं पर्ने सामाजिक उतरादायित्व अन्तर्गत जिल्ला प्रशासन कार्यालयलाई बर्षेनी आर्थिक सहयोग गर्ने भएको हो।

जिल्ला प्रशासन कार्यालय गौर भित्र रहेको शौचालय मर्मत तथा सफाई, सेवाग्राहीको लागि उचित शौचालयको ब्यबस्थापन, बृक्षारोपण तामाको गमलामा फूल ब्यबस्थापन लगायतको काम गर्न बर्षेनी सहयोग गर्न लागिएको छ। एक चरणको बैठकपछि जिल्ला प्रशासन कार्यालयलाई सहयोग गर्ने प्रक्रिया थालिएको र जिल्ला प्रशासन कार्यालयबाट औपचारिक पत्र प्राप्त भएपछि सो प्रक्रिया औपचारिक हुने बैंकहरूले जनाएका छन्।

# कोरोना संक्रमितबारे प्रशासन बेखबर

**टुडे एक्सप्रेस** / रौतहट

रौतहटमा कोरोना संक्रमण दर घट्दै गएको पाइएको छ। गौर अस्पतालका अनुसार हाल संक्रमणको दर दुईदेखि तीन प्रतिशतसम्म झरेको छ।

गौर अस्पतालका मेडिकल अधिकृत डाक्टर गोपाल गुप्ताले हाल रौतहटमा कोरोना संक्रमितको संख्या घटेको देखिन्छ।

तर यसको कारण घट्दो टेस्टसमेत रहेको उनको भनाइ छ। 'रौतहटमा संक्रमणको दर १८ प्रतिशतसम्म पुगेको थियो, पछिल्लो समयमा संक्रमणको दर ३ प्रतिशतमा झरेको छ,' उनले भने ।

डाक्टर गुप्ताले पछिल्लो एक साताको तथ्यांक केलाउदै कोरोना संक्रमण दर १ प्रतिशत भन्दा कम भएको बताए। उनले पहिलेको भन्दा कोरोना टेस्ट गराउने व्यक्तिको संख्या समेत घट्दै गएको बताउँदै कम टेस्टले समुदायमा कोरोना फैलिन सक्ने खतरा भने कायमै रहेको बताए ।

यसैबीच रौतहटमा सक्रिय कोरोना संक्रमित कहाँ र कति रहेको भन्ने यकिन बिबरण पाउन सकिएको छैन। जिल्ला प्रशासन कार्यालयले सक्रिय संक्रमितहरू होम आइसोलेसनामा रहेको दावी गरेपनि जानकारहरूले प्रशासनको दावीमाथि विश्वास गरेका छैनन्।

गौर अस्पतालकै एक जना चिकित्सकले नाम नबताउने शर्तमा सक्रिय संक्रमितको अवास्था अज्ञातनै रहेको र कन्ट्याक ट्रेसिङ्गको काम समेत हुन छाडेको बताए। अहिले कोरोना जाँच गराउने र रिपोर्ट पोजेटिभ भएको खण्डमा समेत संक्रमित चुपलागेर समाजमै बसिरहेको उनको दावी रहेको छ।

छठपछि नै रौतहटको आइसोलेसन केन्द्र खाली रहेको छ। सुरक्षा निकायको कोही संक्रमित भए आइसोलेसनामा बस्ने बाहेक अरु कोही पनि आइसोलेसनामा बस्न नमानेको गौर अस्पतालले बताएको छ।

हाल रौतहटमा १५ जना कोरोनाको सक्रिय संक्रिमित रहेको जिल्ला प्रशासन कार्यालय गौरले जनाएको छ। रौतहटमा हाल सम्म २३ हजार १ सय ४ जनाको पिसिआर परीक्षण गरिएकोमा २ हजार ५९ जनाको रिपोर्ट पोजेटिभ आएको हो।

# सगरमाथाको उचाइसँगै बढ्यो देशको स्वाभिमान

**सिबी अधिकारी** / काठमाडौं

विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइ ८६ सेन्टिमिटरले बढेर आठ हजार ८४८ दशमलव ८६ मिटर कायम भएको छ। नेपालले पहिलोपटक आफ्नै स्रोत, साधन र जनशक्तिले सगरमाथाको उचाइ मापन गरेको सुखद् घटनाले केवल सगरमाथाको उचाइका निम्ति मात्र नभई विश्वमा नेपालको पहिचान बढेको छ। यसले नेपाल र नेपालीको सम्मान र स्वाभिमान पनि बढेको सरकारका वरिष्ठ मन्त्रीहरूले उल्लेख गरेका छन्।

सगरमाथाको नयाँ उचाइ सार्वजनिक गर्न मंगलवार यहाँ आयोजित समारोहमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले सगरमाथाको उचाइ बढ्नु नेपालका निम्ति अविष्मरणीय र गौरवपूर्ण घटना भएको बताइन्। 'नेपालको पहिचान र गौरवका रुपमा रहेको सगरमाथाको उचाइ मात्र घोषणा भएको छैन, नेपालले आफ्नै जनशक्ति र स्रोत व्यवस्थापन गरी नेपाली प्राविधिकबाट भएको यो अविस्मरणीय र गौरवपूर्ण क्षणले नेपाली प्राविधिक क्षमताको उचाइमाथि पुगेको छ, यस कार्यमा संलग्न सम्पूर्णमा हार्दिक बधाई दिन चाहन्छु', परराष्ट्र मन्त्री ज्ञवालीले भने।

उनले सगरमाथाको उचाइ घोषणासँगै सगरमाथाबारे आधिकारिक, वैज्ञानिक तथ्य आम सहमतिमा प्राप्त भएको उल्लेख गरे। उनले अगाडि थपे, 'हामी सबैलाई थाहा छ, सगरमाथाको उत्तरी पाटो जनवादी गणतन्त्र चीनसँग सम्बद्ध छ। यसको उचाइ संयुक्त रुपमा घोषणा गरिनु आवश्यक पनि थियो विश्वसनीयताका लागि। खुशीको कुरा नेपालको नापी विभागले शुरु गरेर डेटा प्रोसेसिङ गरी जुन विन्दुमा ल्याएको थियो, चिनियाँ मित्रहरूले गरेको सर्भे र उहाँहरूको तथ्याङ्क प्रशोधनमा पनि सोही तथ्य सही रुपमा देखापरेका छन्, यसले अब तथ्य र एकरुपता पनि कायम गरेको छ।' परराष्ट्रमन्त्री ज्ञवालीले भूमि व्यवस्था मन्त्रालयबाट यस वर्ष भएका दुई महत्वपूर्ण काम नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा र सगरमाथाको नयाँ उचाइ मापन कार्य सम्पन्न भएकामा मन्त्री अर्याललाई धन्यवाद ज्ञापन गरे।

मन्त्री ज्ञवालीले जलवायु परिवर्तनको जोखिमका कारण नेपालका हिमाल कालापत्थरका रुपमा परिणत हुँदै जानु ठूलो चुनौतीको विषय भएको उल्लेख गर्दै यस्ता जोखिमबाट हिमालय क्षेत्रको संरक्षणका लागि सरोकारवाला मुलुकसँग नेपालले विशेष चासोका साथ कुरा उठाइरहेको जानकारी दिए। उनले सगरमाथाको संयुक्त उचाइ घोषणा गर्ने कार्यक्रमका सन्दर्भमा चिनियाँ स्टेट काउन्सिलर तथा विदेशमन्त्री वाङयीसँग नेपाल-चीन सम्बन्धका विविध आयामसम्बन्धी कुराकानी भएको जानकारी दिँदै जलवायु परिवर्तनको जोखिमबाट हिमालय क्षेत्र र सगरमाथाको रक्षाका निम्ति चीनलगायत सरोकारवाला अन्य मुलुकसँग बारम्बार कुरा उठाइने गरेको बताए।

नेपालले करिब दुई वर्ष लगाएर उचाइ मापन गरेको थियो। गत वर्ष चीनका राष्ट्रपति सी चिनफिङ्गो नेपाल भ्रमणका क्रममा दुवै देशले मिलेर सगरमाथाको उचाइ घोषणा गर्ने सम्झौता गरेका थिए। सोहीअनुरुप नेपाल र चीन सरकारले आज संयुक्तरुपमा सगरमाथाको उचाइ वृद्धि भएको घोषणा गरेका हुन्। अब सगरमाथाको उचाइ आठ हजार ८४८।८६ मिटर हुने भएको छ।

भूमि व्यवस्थामन्त्री अर्यालले १७० वर्षे सगरमाथा मापनको इतिहासमा नेपाल आफैंले स्रोत व्यवस्थापन र जनशक्ति परिचालन गरेर उचाइ मापन सम्पन्न गरेसँगै उचाइबारे भएका दुविधा र आशंकाको निवारण भएको बताइन्। उनले भनिन्, 'सगरमाथाबारे उठेका जिज्ञासालाई सम्बोधन गर्दै विश्वसामु एउटै उचाइ कायम गर्न मन्त्रालयको नापी विभागमार्फत यो काम सम्पन्न गरी घोषणा गरिएको छ, सगरमाथाको उचाइ बढेको छ, आजको दिनदेखि सगरमाथाको उचाइ मात्रै हैन, नेपाल र नेपालीको सम्मान र स्वाभिमान पनि बढेको छ।'

हामीले सगरमाथाको विश्व कीर्तिमान कायम गरिरहँदा हिजोसम्म नेपाललाई गरिबी र बेरोजगारीको देश भनेर चर्चा गर्नेहरूले अब हाम्रो प्रविधि र क्षमताको चर्चा गर्नेछन् भन्दै उनले नेपालीका निम्ति सुखद् यो क्षण भएको उल्लेख गरिन्। नापी विभागका महानिर्देशक प्रकाश जोशीले आफ्नै स्रोतसाधन र जनशक्तिबाट सगरमाथाको उचाइ मापन गरिनुले नेपालको गौरव विश्वमा सगरमाथा झैं अग्लिएको बताए।

सगरमाथाको नयाँ उचाइ नेपालका तर्फबाट परराष्ट्रमन्त्री ज्ञवाली र चिनियाँ विदेशमन्त्री वाङ यीले भर्चुअल माध्यममार्फत संयुक्तरुपमा सार्वजनिक गरे। सो अवसरमा दुवै देशका राष्ट्रपतिको शुभकामना सन्देश पढेर सुनाइएको थियो। नेपालका तर्फबाट परराष्ट्रमन्त्री ज्ञवालीले राष्ट्रपति विद्यादेवी भण्डारीको सन्देश पढेर सुनाए।

भूमि व्यवस्था मन्त्रालय, नापी विभागले सगरमाथाको उचाइ मापन गरेको हो। विभागले रु १३ करोड खर्चेर झण्डै दुई वर्षका अवधिमा सगरमाथाको मापन सम्पन्न गरेको थियो। विसं २०७२ मा गएको भूकम्पपछि सगरमाथाको उचाइ घटबढ भएको हुन सक्ने विषयमा अन्तर्राष्ट्रिय बहस शुरु भएपछि नेपालले पहिलोपटक आफ्नै स्रोत साधनमा सगरमाथाको उचाइ नापेको हो। सो अवसरमा सगरमाथाको उचाइ मापनमा संलग्नहरूलाई सम्मान गरिएको थियो। *रासस*



## कसरी नापियो उचाइ ?

सगरमाथाको उचाइ मापनका लागि नापी विभागका प्रमुख अधिकृत 'हालका उपसचिव) खिमलाल गौतमको नेतृत्वमा अधिकृत रवीन कार्की, सर्भेयर सुरजसिंह भण्डारी र अमिन युवराज धितालको टोली गएको थियो। टोलीलाई छिरिङ जाङ्बु शेर्पाको टोलीले गाइड गरेको थियो।

सगरमाथाको उचाइ मापन परम्परागत विधि (समतल नापी) तथा आधुनिक विधि (जिएनएसएस) र स्थलगत भूआकर्षण सर्वेक्षण जस्ता विधि अवलम्बन गरिएको विभागले जनाएको छ। मापन शुरु गर्नपूर्व विभागले दुई वर्षअघि भारत, चीन, अमेरिका, इटलीलगायत देशका वैज्ञानिकलाई अन्तरराष्ट्रिय गोष्ठीमा डाकेर कसरी मापन गर्ने भन्ने विषयमा छलफल गरेको थियो र विज्ञकै सुझावका आधारमा कार्यविधि तयार गरिएको थियो।

यसअघि सन् १९५४ मा तत्कालीन सर्वे अफ इन्डियाले सगरमाथाको उचाइ मापन गरी आठ हजार ८४८ मिटर भएको निष्कर्ष निकालेको थियो। त्यसपछि विभिन्न समयमा विभिन्न निकायले उचाइ मापन गरी फरकफरक उचाइ निकालेको भएपनि त्यसले आधिकारिक मान्यता भने पाएको थिएन। सन् १९५४ मा भारत र सन् १९७५ चीनले सगरमाथाको उचाइ मापन गरेको थियो।

त्यसैगरी सन् १९८७, सन् १९९२ र सन् २००४ मा इटालीले तथा सन् १९८९ मा अमेरिकाले मापन गरेको थियो। त्यस्तै सन् २००५ मा पुनः चीन र सन् २०१० मा इटालीले सगरमाथाको उचाइ मापन गरेका थिए। सगरमाथाको उचाइ नाप्न तीन वटा विधि 'डाइरेक्ट मिजरमेन्ट' अन्तर्गत प्रत्यक्षरुपमा अगाडि/पछाडि गरेर चुचुरोसम्मको उचाइ नापिएको छ। त्यस्तै, 'ट्रेंगुलेसन' विधिबाट पनि उचाइ नापिएको छ।

यसअनुसार निश्चित बिन्दुलाई आधार बनाएर त्यसको कोण पत्ता लगाउने र सोही आधारमा क्रमशः अन्य बिन्दुको कोण बनाउँदै उचाइ मापन गरिएको हो। तेस्रो विधि हो, गुरुत्वलाई आधार बनाउने। जिपिएस प्रणालीबाट पनि उचाइ मापन हुन्छ। सन् २००५ मा चीनले यही विधिबाट सगरमाथाको उचाइ नापेको थियो।

# हतियारको नवीकरण गर्न अटेरी

**चितवन** / रासस

जिल्ला प्रशासन कार्यालय चितवनले अनुमति लिएर राखिएका हतियार मध्ये १४९ थानको नवीकरण नभएको जनाएको छ। यहाँ व्यक्ति र संस्था गरेर १७३ जनाले १९९ वटा हतियार अनुमति लिएर राखेका थिए। तीमध्ये ३१ संस्था वा व्यक्तिले ४६ थानको मात्र नवीकरण गरेको कार्यालयका खरिदार रुपेश ज्ञावलीले जानकारी दिए।

उनका अनुसार जिल्लामा अनुमति लिएर राखिएका हतियारमध्ये एउटाको ठाउँसारी र तीन वटाको लागत कट्टा गरिएको छ। लगत कट्टा गरिएका हतियार नेपाल सरकारले लिइसकेको छ। स्थानीय प्रशासनले पटक-पटक हतियार नवीकरणका लागि आह्वान गरेको भए पनि नवीकरणका लागि आउनेको संख्या कम रहेको कार्यालयले जनाएको छ।

ज्ञवालीका अनुसार १६ बोरको एक नाले एक थान, १२ बोरको दुई नाले ११ थान, १२ बोरको एक नाले २४ थान, २२ बोरको राइफल छ थान, २२ बोरको दुईनाले राइफल दुई थान, हावादारी बन्दुक एक थान र टोटावाला मिनेचर टूटू एक थान मात्र नवीकरण भएका छन्। अन्य हतियार पाँच वर्षदेखि १५ वर्षसम्म नवीकरण नभएको पाइएको छ।

हतियार खरखजना तेस्रो संशोधन नियमावली २०४५ अनुसार पाँच वर्षभन्दा बढी नवीकरण नगरिएका हतियार राज्यलाई बुझाउनुपर्ने प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले बताए।

भट्टराईले हतियारको नवीकरणको अवस्थाको बारेमा अध्यावधिक गर्ने काम भइरहेको जानकारी दिए। केही दिनमा पुनः सूचना जारी गरी तोकिएको समयमा नवीकरण नगर्ने हतियार जफत गरिने बताउनुभयो। हाल कार्यालयले हतियार राख्न नयाँ अनुमति दिएको छैन।

# १ हजार ३८२ संक्रमित थपिए

**काठमाडौं** / रासस

थप एक हजार ३८२ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट संक्रमितको संख्या दुई लाख ४३ हजार ३७७ पुगेको छ।


पछिल्लो २४ घण्टामा आठ हजार ९४७ जनाको पिसिआर परीक्षण गरिएको थियो। हालसम्म १७ लाख ९९ हजार ६८६ को पिसिआर परीक्षण गरिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म दुई लाख २९ हजार ५४ जना कोरोना भाइरस संक्रमण मुक्त भई घर फर्किएका छन्।

पछिल्लो २४ घण्टामा देशभर एक हजार ६२१ संक्रमित निको भएर घर फर्किएका हुन्। हाल देशभर १२ हजार ६८६ सक्रिय संक्रमित छन्।

काठमाडौं उत्यकामा थप ५९४ कोरोना संक्रमित थपिएको मन्त्रालयले जनाएको छ। संक्रमित हुनेमा ३३१ पुरुष र २६३ महिला छन्। योसँगै उपत्यकामा संक्रमितको संख्या एक लाख १३ हजार ४९८ पुगेको छ। मंगलवार थपिएका संक्रमितमध्ये काठमाडौंका ४१३, ललितपुरका ११३ तथा भक्तपुरका ६९ रहेका छन्। उनीहरूको उपत्यकाका विभिन्न प्रयोगशालामा परीक्षण गरिएको थियो।

## थप २३ को मृत्यु

नेपालमा कोरोना भाइरसको संक्रमणबाट थप २३ जनाको मृत्यु भएको छ। योसँगै नेपालमा कोरोना भाइरसको संक्रमणबाट मर्नेको संख्या एक हजार ६३७ पुगेको मन्त्रालयले जनाएको छ। पछिल्लो समय कोरोना संक्रमण हुनेको संख्या घटेपनि मृत्यु हुनेको संख्या घट्न सकेका छैन। मृत्यु हुनेको संख्या नघटेपछि अझै सर्वसधारण त्रसित छन्।



# नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्ने रुसको चाहना

**काठमाडौं, रासस**


रुसले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्ने इच्छा व्यक्त गरेको छ। विगतदेखि नै नेपालको ऊर्जा क्षेत्रमा लगानीका लागि प्रयास गरिरहेको रुसले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसँग मंगलवार पुनः आफ्नो इच्छा दोहोऱ्याएको हो।

नेपालका लागि रुसका राजदूत एलेक्सी नोभिकभ नेतृत्वको टोलीले मन्त्री पुनसँग शिष्टाचार भेटवार्ता गर्दै विशेष गरी जलविद्युत्मा लगानी गर्न सकिने बताएको हो। रुसका दुई ठूला बैंक लान्टा र मस्को इन्डस्ट्रियल बैंक नेपालको जलविद्युत्मा लगानी गर्ने प्रस्ताव गरेको राजदूत नोभिकभले जानकारी दिए।

त्यस्तो लगानी सरकार-सरकारबीचको सम्झौतामा गर्न चाहेको प्रतिनिधि मण्डलले जनाएको छ। राजदूत नेतृत्वको टोलीले नेपालमा जलविद्युत् उत्पादन र वितरणसम्बन्धी कानूनी व्यवस्था तथा क्षेत्रीय बजारको सम्भावनाबारे मन्त्री पुनसँग चासो राखेको थियो।

यस्तै नेपालमा विद्युत् र सिँचाइका संयुक्त आयोजनाको सम्भाव्यताबारे पनि टोलीको चासो थियो।

# 'कोरोना कहरमा रक्तदानको महत्व अझै बढी'



**काठमाडौं** / रासस

सभामुख अग्निप्रसाद सापकोटाले कोभिड- १९ को जोखिमका बेला रक्तदानको महत्व अझै बढेर गएको बताएका छन्। १४ औं संघीय संसद् सेवा दिवस-२०७७ का अवसरमा मंगलवार संसद् सचिवालय परिसर, सिंहदरबारमा आयोजित रक्तदानको सुभारम्भ गर्दै सभामुख सापकोटाले कोरोनाका कारण सृर्जित विषमताका बेला गरिएको रक्तदानको महत्व अधिक रहेको चर्चा गरे।

संघीय सांसद डा विमला राई पौडेललाई रक्त थैली (ब्लड ब्याग) हस्तान्तरण गरी रक्तदानको सुभारम्भ गरेपछि संक्षिप्त सम्बोधनका क्रममा सभामुख सापकोटाले भने, 'रक्तदान जीवनदान त्यत्तिकै भनिएको होइन, रक्तदानको सधैँ भरी महत्व छ, अहिले झनै महत्व छ।' सभामुख सापकोटाले दैनिक रगत अभावको खबर आइरहेको स्मरण गर्दै मंगलवार गरिएको रक्तदानले सो अभाव टार्न सहयोग हुने विश्वास व्यक्त गरे। संसद् सेवा दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएकोमा उनले खुसी व्यक्त गरे।

कार्यक्रममा दुई जना सांसद, कर्मचारी र सञ्चारकर्मीलगायतले रक्तदान गरेका थिए। संघीय संसद् सचिवालयले संसद् सेवा दिवस २०७७ का अवसरमा उच्च स्वास्थ्य सतर्कता अपनाउँदै विभिन्न कार्यक्रम आयोजना गरिरहेको छ। विसं २०६३ देखि हरेक वर्ष मंसिर २८ का दिन संघीय संसद् सेवा दिवस मनाइँदै आइएको छ।

## अपाङ्गता भएका महिला र बालबालिका :

# मानवअधिकार उल्लंघनका घटना बाहिर आएन

**काठमाडौं** / रासस

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले गरेको एक अध्ययनमा गम्भीर अपाङ्गता भएका महिला र बालबालिका धेरै मात्रामा मानवाधिकार हननको शिकार भएको देखिएको छ। अध्ययनले अपाङ्गता भएका व्यक्तिमाथि हुने मानवअधिकार हननका घटना धेरैजसो बाहिर आउन नसकेको पनि देखाएको छ।

अपाङ्गता भएका व्यक्तिको २९ औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगको सहकार्यमा महासङ्घले आज भर्चुअलरुपमा आयोजना गरेको 'नेपालमा अपाङ्गता भएका व्यक्तिको मानव अधिकारको अवस्था' विषयक छलफल कार्यक्रममा अपाङ्गतालाई शारीरिक वा मानसिक पक्षलाई मात्र ध्यान दिइने हुनाले यसका आधारमा हुने विभेदमा सरोकारवाला र राज्यकै पर्याप्त ध्यान जान नसकेको जनाइयो।

महासंघका प्रशासकीय व्यवस्थापक मनिष प्रसाईंले कसरी उजुरी गर्ने वा कसरी सुनुवाइ हुन्छ भन्नेबारेमा अधिकांश बहिरा, अटिजमजस्ता अपाङ्गता भएका व्यक्तिले थाहा नपाउनुले न्याय प्रणाली प्रभावकारी नभएको देखाएको बताए।

उनले अपाङ्गता भएका ५२ प्रतिशतमा त्यसबारे सूचनामा पहुँच नभएको जनाउँदै ६७ प्रतिशत अपाङ्गता भएका महिला हिंसामा परेको आफूहरूको अध्ययनमा पाइएको बताए।

महासंघले अपाङ्गता भएका व्यक्तिको मानवअधिकार उल्लंघनका तीन वर्षयताका १५२ घटनाको विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार पारेको हो। छलफलमा आयोगका सातै प्रदेशको अपाङ्गता मानवअधिकार सम्पर्क व्यक्तिको सहभागिता थियो।

महासंघका अध्यक्ष मित्रलाल शर्माले मानवअधिकार प्राप्ति सबै नागरिकको अधिकार भएको र त्यसमा अपाङ्गता भएका व्यक्तिको मानवअधिकार हनन् अझ गम्भीर सवाल भएकाले राज्य र सम्बन्धित पक्ष संवेदनशील हुनुपर्ने बताए।

आयोगका सहसचिव नवराज सापकोटाले मानवअधिकारको सम्मान, सुरक्षा र प्रभावकारी कार्यान्वयनका अन्तर्राष्ट्रिय प्रतिबद्धता र अभिसन्धिको कार्यान्वयनमा आयोग क्रियाशील रहेको जनाए।

महासंघका पूर्वध्याक्ष डा वीरेन्द्रराज पोखरेलले मानवअधिकार आयोगले योजनाबद्धरुपमा मानवअधिकारको सम्मान र सम्वर्द्धनका लागि राज्यलाई निरन्तर घच्घच्याउनुपर्ने बताए।

### भत्ता निरन्तर भएकामा स्वागत

यसैबीच महासंघले मन्त्रिपरिषद्‌को सिफारिसमा राष्ट्रपतिबाट सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७७ जारी भएसँगै अन्योलमा रहेको सामाजिक सुरक्षा भत्ता निरन्तरता हुने भएकाले खुशी व्यक्त गरेको छ। यही मङ्सिर २१ गते उक्त अध्यादेश जारी भएको थियो।

महासंघका महासचिव राजु बस्नेतले यसअघि चालु आर्थिक वर्षको पहिलो चौमासिकमा खर्च लेख्ने गरी भत्ता दिन सरकारले सर्कुलर गरेकामा अध्यादेश जारीपछि स्थायी समाधान भएको बताए।

## वर्गीकृत बिज्ञापन

मो. ९८०१०२९०४७४

**पसल बिक्रीमा**

पिराडी चोक स्थित पर्दा र कार्पेटको फर्निसिङ पसल बिक्रीमा छ।

सम्पर्क :

**मो. ९८५४०२५३८०**

**पसल बिक्रीमा**


राम्रो संग चलि रहेको जुत्ता चप्पलको पसल ऱ्याक र काउण्टर सहित बिक्रीमा

**मो. ९८१९६६९६८४**

**तु. चाहियो**

तराई छेत्रको राजमार्ग वा राजमार्ग-बाट भित्र मोटर बाटो भएको जग्गाहरु चाहियो ? कारखाना राख्नको लागि ऊपयुक्त हुने चलन चल्तिभन्दा सस्तो जग्गा प्राथमिकता दिइनेछ । ईच्छुक विक्रेताले सम्पर्क गनुहोस् । साथै तराई क्षेत्रमै काम गर्ने कर्मचारी पनि चाहियो ।

**सम्पर्क : ९८१००१४०५३**



## सम्पादकीय...

# पाँच 'स'को कार्यान्वयन खोइ ?

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले सपथ लिएकै बेला उदघोष गर्नुभयो पाँच 'स' ध्यानमा मात्र राखिने छैन अपितु कडाईका साथ लागू गरिने छ। पाँच 'स' मध्ये एक 'स' थियो– सुशासन। मुख्यमन्त्री राउतको सत्तारोहणको ३ वर्ष बित्यो। तर यस अवधिमा प्रदेश २ मा सर्वाधिक बिग्रिए भत्किएको कुरा नै सुशासनको पाटो हो। दुईदिन अघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीका ४ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ। अख्तियारको छडके सर्वाधिक प्रदेश २ मै जाकिदै छ। कर्मचारी र जनप्रतिनिधि दुवै तानिएका छन्। डामिएका छन्। भ्रष्टाचारमा दामल भइरहेका छन्। घटनाक्रमले प्रदेश २ मा सुशासन नामको चिज कतै शेष देखिदैन।

लोकतन्त्रको एक विशेषता के हो भने शासन प्रकृयाबाट जनता सन्तुष्ट हुनुपर्छ। सुशासनको नतिजा जनताको सन्तुष्टिमा प्रकट हुन्छ। प्रदेश २ सरकारको कार्यशैली र सुशासन कायम गर्ने प्रतिवद्धता पूरा गर्ने अठोटप्रति यस प्रदेशका जनता सन्तुष्ट छैनन्। जनताले हरेक दिन भ्रष्टाचारजन्य घटनामा प्रदेश २ का कर्मचारी र जनप्रतिनिधि फसेको समाचार सुन्छन्। कार्यालयमा काम गर्न गराउन वा सेवा लिन गएका सेवाग्राहीले प्रदेश सरकार बनेको कारण सुविधा भएको वा सजिलै काम भएको अनुभूति गर्न पाएका छैनन्।

संघीयता र मधेसी दलले बनाएको सरकारप्रति मधेसी जनताको अनुराग त्यतिबेला बढ्छ जव प्रदेश २ सरकारले सरकारले मधेसी जनतालाई पअिलेभन्दा अतिरिक्त सेवा सुविधा र विकास प्रदान गर्न सक्छ। झुठो आश्वासनमा रुमल्याउने संघीयताप्रतिम मधेसी जनताको वितृष्णा नै बढ्छ। मधेसी दल र मधेसी जनप्रतिनिधि भएको नाताले मात्र मधेसी जनताले सधै रुचाउने हुँदैन। राजनीति अनुहार हेरेर चल्दैन। प्रदेश २ सरकारले सुशासन स्थापना गरेर मधेसमा संघीयताको चम्किलो भविष्य सुनिश्चित गरिरहेको देखिँदैन।

प्रदेश २ मा भ्रष्टाचार बढ्यो, सुशासन भएन भन्नेहरूलाई नेपालको अरु प्रदेश हेर भनिन्छ। तुलना गरेर प्रदेश २ को अवस्थालाई कहिलेसम्म ढाकछोप गर्ने ? अन्यत्रको अवस्था देखाएर आफ्नो दुरावस्था लुकाउन मिल्दैन। मधेसी जनताले अन्य प्रदेशमा पनि यस्तै छ भनेर मधेसवादी दल र त्यसले बनाएको सरकारलाई खतबात माफी दिने कुरा आउँदैन। आफ्नो कमजोरी अरुको थाप्लोमा बजार्नु इमान्दार राजनीति होइन। प्रदेश २ सरकारका मुख्यमन्त्री राउतको काँधमा सुशासनको प्रत्याभूति गराउने जिम्मेवारी छ। यो जिम्मेवारी स्वयं उनले आफै बोकेका हुन्। जनता समक्ष मुख्यमन्त्री राउतले गरेको पाँच 'स' को प्रतिज्ञा पूरा गराउने अभिभारा उनैको हो। राजनीतिमा बोलेको कुरा पूरा गर्ने कुनै नैतिक जिम्मेदारी वहन गर्नु पर्ने बाध्यता छ भने मुख्यमन्त्री राउत जनताप्रति सुशासनको लागि अत्तरदायी छन्।

सुशासन दिने बचनवद्धता गर्ने मुख्यमन्त्री भ्रष्टाचारमाथि अकुंश लगाउने कुनै प्रयत्न गर्दैनन् भने उनको राजनैतिक इमान्दारितार शासन व्यवस्था सञ्चालन गर्ने कौशल दुवै निम्छरो रहेको सावित हुन्छ। मुख्यमन्त्री स्वयंले आफ्नो पाँच 'स' को प्रतिज्ञा पुनः स्मरण गर्ने बेला भएको छ।

# नेकपामा सुलहको झीनो आशा



**सन्तोष यादव**

पाकिस्तानी शायर जोन एलियाको शेर पढौं 'अलग होना हि है तो झगडा क्यौं करें -एक और नयाँ रिश्ता क्यौं पैदा करें'। प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी ओलीले जोन एलियाको शेर लाई अनुसरण गरे।

उनले छुट्टिने नै हो भने झगडा नगरौं र शत्रुको एक नयाँ नाता कायम नगरौं भन्दै स्थायी समितिको बैठकमा जान इन्कार गरे। बैठकमा नगए पनि ओलीले आफ्ना भनाइ लेखेर पठाए। प्रधानमन्त्री बन्न निर्वाचन कुर्नु र अध्यक्ष हुन ४ महिनापछि हुने महाधिवेशन पर्खिनु भन्ने सन्देश पठाए।

प्रधानमन्त्री ओलीको पछिल्लो अभिव्यक्तिले नेकपाभित्रको माहाभारत केही मत्थर भएको छ। अब फुट्ट फुट्छ भन्ने अनुमान लगाउनेहरू हिस्स परेका छन् भने पार्टी फुट्दा मुटु दुख्नेहरू केही आश्वस्त भएका छन्।

केपी ओलीको पछिल्लो नरम अभिव्यक्ति र व्यवहारले प्रचण्ड, माधव नेपाल गुट पनि विनम्र हुन बाध्य भएको छ। पार्टी फुटाउने दुरगामी रणनीतिसहित अभियान थालेको भए त भन्न सकिन्न अन्यथा केपी ओलीसँग सुलह गर्नुको विकल्प छैन। ओलीको कठोरता स्टालिनभन्दा पनि कडा भएको टिप्पणीहरू आइरहेको बेला ओली आफू पनि पग्लिए र अरुलाई पनि पग्लिन बाध्य बनाए।

अब प्रचण्ड माधव नेपालको जोडी आगामी महाधिवेशनमा आफ्नो बचर्स्व कायम गर्न स्वतन्त्र छन् तर पार्टीमा अहिलेको अहिले ओलीलाई लतारी छाड्छौं भन्ने जिद्दी गर्न नमिल्ने भएको छ। अब एक ठाउँ बस्ने हो भने सवै विनम्र हुन जरुरी छ। वनको डढेलो दन्किएको जस्तो भइरहे अन्त्यमा हात लाग्ने खरानी नै हो। खरानी घस्न त राजनीति गरेको पक्कै होइन। फुटले दिने नतिजा खरानी नै हो।


यो कुरा ओली र प्रचण्डले नबुझेको होइन। त्यसैले शेयर बजारको ग्राफ उकालो लागे झैं शिखरमा पुगेको बिवादको पारो अब ओरालो लाग्दै छ। पूर्ण ग्यारेण्टी गर्ने बेला त भएको छैन तर फुट लगभग टरे झै संकेतहरू देखा पर्दैछ।

# नेपाल–चीनबीच आर्थिक सम्बन्ध बिस्तारको खाँचो

चीन र नेपाल मित्रता तथा व्यापार बिस्तारका लागि रसुवागढी केरुङ, तातोपानी, मुस्ताङको कोरला, गोर्खाको लार्के, दोलखाको लामाबगर, हुम्लाको यारी, संखुवासभाको किमाथाङ्का र ताप्लेजुङको ओलाङचुङगोला नाका खोल्न र स्तरीय सडक सञ्जाल विकसित गर्न आवश्यक छ।



**अर्जुन थपलिया**



*– चीनले वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, निजामति अस्पताल, सडक, जलविद्युत परियोजना, त्रिभुवन विश्वविद्यालयमा आयुर्वेद केन्द्र, प्राविधिक शिक्षालय, सुरक्षा निकायका लागि आर्थिक र भौतिक सहयोग गरेको छ। पछिल्लो समय काठमाडौंको चक्रपथ निर्माण गरेको छ। भैपरी आउँदा चीनले नेपाललाई अर्बौं रुपैयाँ सहयोग प्रदान गर्दै आएको छ।*

लिच्छिवीकालदेखि नै नेपाल र चीनबीच मैत्री सम्बन्ध रहँदै आएको छ। नेपाली चेली भृकुटीको विवाह तिब्बतका तत्कालीन नरेश स्रङचङ गम्पोसँग भएको इतिहासले नेपाल र चीनबीचको सामाजिक सम्बन्ध नाता कुटुम्बस्तरमा रहेको पुष्टि हुन्छ। चिनियाँ ऋषि मञ्जुश्री नेपाल आउँदा काठमाडौं खाल्डो एक जलाशय थियो। मञ्जुश्रीले चोभारको डाँडा फोरेर पानी बगाएपछि यहाँ मानव बस्ती बसेको इतिहासले चीन नेपाल सम्बन्ध पौराणिक हो भन्न सकिन्छ। चिनियाँ यात्री फिसियान र ह्वेनसानको नेपाल यात्रा र नेपालबाट चीन जाने बुद्धभद्र शाक्य नेपाल चीन जोड्ने आदिकालका सेतु हुन्। नेपाली वास्तुकला अनुसार नेपाली विभूति अरनिकोले चीनमा गएर बनाएको मन्दिर नेपाल चीन मैत्री अमर बनाउने कोसेढुंगा इतिहासमा छ। गौतमबुद्ध र रिम्पोछेले चीनमा प्रसार गरेको बौद्धधर्मको सम्पदाले चिनियाँ समाज सिञ्चित छ।

### चीन–नेपाल औपचारिक मैत्रीको पाटो

सन् १९५५ अप्रिल २४ मा चीनका तत्कालीन प्रधानमन्त्री चाउ एन लाई र नेपालका तत्कालीन राजा महेन्द्रको भेटवार्ता भयो। स्थान थियो इन्डोनेसियाको बाङडुङ र सन्दर्भ थियो असंलग्न राष्ट्रहरूको प्रथम शिखर सम्मेलन। त्यहीँबाट दुवै देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको विजारोपण भयो। इन्डोनेसिया वार्ता बमोजिम चीन सरकारले वरिष्ठ कूटनीतिज्ञ जनरल युआन चुङ मिङको नेतृत्वमा एउटा टोली नेपाल पठायो। ५ दिनको वार्तापछि सन् १९५५ अगस्त १ का दिन नेपाल र चीनबीच औपचारिक दौत्य सम्बन्ध स्थापित गरियो। नेपाल र चीनबीच मैत्री र कूटनीतिक सम्बन्धले ६ दशक पार गरेको छ। अनवरत, अविच्छिन्न र तनावरहित दौत्य सम्बन्ध भएकोले दौत्य सम्बन्ध स्थापनाको वार्षिकोत्सव मनाउदै आइएको छ।

### अन्तर्राष्ट्रिय मञ्चमा परिपुरक भूमिका

सन् १९५५ डिसेम्बर २४ मा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गऱ्यो। असंलग्न परराष्ट्र नीतिको पक्षमा उभिदै संयुक्त राष्ट्र संघको वडापत्रमा आस्थावान रहँदै नेपालले अन्तर्राष्ट्रिय मञ्चमा प्रखर भूमिका निर्वाह गर्न थाल्यो। अन्तर्राष्ट्रिय शान्ति निशस्त्रीकरण र भूपरिवेष्ठित राष्ट्रको पारवहन अधिकारलाई अन्तर्राष्ट्रिय मञ्चमा जोडदार रुपमा उठाउन थाल्यो।

अन्तर्राष्ट्रिय मञ्चमा चीन सदा नेपालको सहयोगी रह्यो। नेपालले उठाएको मुद्दालाई चीनको समर्थन प्राप्त भइरह्यो। चीनले संयुक्त राष्ट्र संघको सदस्यको हैसियतले संयुक्त राष्ट्र संघको सदस्यता नेपालले पाउनु पर्ने पक्षमा वकालत गरिरह्यो। सन् १९७२ मा चीन पनि संयुक्त राष्ट्र संघको सदस्य बन्यो। नेपाल चीन कूटनीतिक सम्बन्धको आधार तत्कालीन राजा महेन्द्रले राखेका थिए। अन्तराष्ट्रिय मञ्चमा दुवै देशले एक अर्कालाई सहयोग र समर्थन गर्ने परम्परा नै बस्यो। राजा वीरेन्द्रले राखेको नेपाल शान्ति क्षेत्रको प्रस्तावमा चीनको समर्थन प्राप्त भएको थियो।

### उच्चस्तरीय भ्रमण

नेपालको निमन्त्रणामा चीनका तत्कालीन प्रधानमन्त्री चाउ एन लाई २५ जनवरी १९५६ मा नेपाल भ्रमणा आएका थिए। त्यो भ्रमणले नेपाल चीन सम्बन्धलाई अझ प्रगाढ बनायो। दुई देशबीच व्यापार बढाउन र सहज बनाउन नेपाल चीन व्यापार तथा पारवहन सम्झौता भयो।

मार्च १९६० मा नेपालका जन निर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले चीनको राजकीय भ्रमण गरे। दुई देशको सीमा व्यवस्थित र वैज्ञानिक रेखाङ्कन गर्न नेपाल चीन संयुक्त सीमा कमिटी गठन भयो। लिपुलेकका सीमा समस्या बल्झिए बाहेक अन्यत्र नेपाल र चीनबीच सीमा विवाद छैन। २०७२ जेठ १ गते भारत र चीनबीच लिपुलेकबाट व्यापारिक नाका खोल्ने सम्झौता भएपछि पहिलो पटक नेपाल र चीनबीच सीमा विवादको कुरा उठ्यो। लिपुलेकको भूमिमा नेपालले आफ्नो दाबी प्रस्तुत गरेपछि भारत र चीनबाट त्रिपक्षीय सहकार्यको प्रस्ताव आएको बताइएको छ।

चीनले वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, निजामति अस्पताल, सडक, जलविद्युत परियोजना, त्रिभुवन विश्वविद्यालयमा आयुर्वेद केन्द्र, प्राविधिक शिक्षालय, सुरक्षा निकायका लागि आर्थिक र भौतिक सहयोग गरेको छ। पछिल्लो समय काठमाडौंको चक्रपथ निर्माण गरेको छ। भैपरी आउँदा चीनले नेपाललाई अर्बौं रुपैयाँ सहयोग प्रदान गर्दै आएको छ।

### चीनको अपेक्षा

सन् १९६४ मा स्वतन्त्र तिब्बतका लागि विद्रोहमा उत्रिएका खाम्पा विद्रोही भागेर हतियारसहित नेपाल तर्फ छिरे। सशस्त्र खाम्पा विद्रोही समूह नेपालको मुस्ताङ र मनाङमा आएर बसेका थिए। नेपालले सेना परिचालन गरी खाम्पा विद्रोहीलाई निशस्त्र बनाएर उनीहरूको गतिविधि निस्तेज बनायो। अहिले पनि नेपालमा २० हजारभन्दा बढी तिब्बती शरणार्थी छन्। तर नेपालले एक चीन नीतिप्रति दृढता व्यक्त गरेको छ र नेपाली भूमिलाई चीनविरुद्ध प्रयोग हुन नदिने अडानलाई सफल कार्यान्वयन गरेको छ। असल छिमेकीपन र अहस्तक्षेपका लागि विश्वमै चीनको छवि प्रशंसनीय छ।

विशाल अर्थतन्त्र चीनका लागि नेपालको बजार 'एक पित्को' सरह हो। तर चीनले नेपाललाई अधिक महत्व दिनुको कारण स्वतन्त्र तिब्बत गतिविधि नेपाली भूमिमा पलाउन नपाओस् भन्ने हो। चीनले नेपालसँग राखेको मुख्य अपेक्षा नै स्वतन्त्र तिब्बतका लागि हुने अवाञ्छित गतिविधि रोक्नु हो। चीनसँग नेपालको करिब १२ सय किलोमिटर सीमा जोडिएको छ। चीनसँग सीमा जोडिएका १४ मुलुक छन्। तर चिनियाँ राजदूतले नेपाललाई महत्वपूर्ण छिमेकी भन्न संकोच मानेनन्। यसबाट पनि चीन नेपालबीचको मित्रताको प्रगाढता झल्किन्छ।

नेपालको विकासमा चीनको सहयोग

चीन सरकारले नेपालको अर्थतन्त्र उकास्न बाँसबारी छाला जुत्ता कारखाना,भृकुटी कागज उद्योग, बुटवल धागो कारखाना, गोरखकाली टायर उद्योग , हरिसिद्धि इटा तथा टायल कारखाना, हेटौंडा कपडा उद्योग, बीरगंज चिनी कारखाना, ट्रलीबस जस्ता दर्जनौ ठूला उद्योग स्थापना गरिदियो। ती केही वर्ष संचालन भयो। दुर्भाग्य नेपाल सरकारले ती उद्योग टिकाउन सकेन। २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापनापछि उदारीकरण र निजीकरणको नाममा चिनियाँ सहयोगमा स्थापित उद्योग सुनियोजित ढंगले क्रमिक रुपमा बन्द गरियो।

चीनले वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, निजामति अस्पताल, सडक, जलविद्युत परियोजना, त्रिभुवन विश्वविद्यालयमा आयुर्वेद केन्द्र, प्राविधिक शिक्षालय, सुरक्षा निकायका लागि आर्थिक र भौतिक सहयोग गरेको छ। पछिल्लो समय काठमाडौंको चक्रपथ निर्माण गरेको छ। भैपरी आउँदा चीनले नेपाललाई अर्बौं रुपैयाँ सहयोग प्रदान गर्दै आएको छ।

### नेपालमा चिनियाँ लगानी

चीनले आर्थिक वर्ष २०६७ र ०६८ मा ७० परियोजनाका लागि १ अर्ब २३ करोड ५० लाख रुपैयाँ अनुदान दिएको छ। २०७२ र ०७३ मा ६ अर्ब भन्दा बढी रुपैयाँको चिनियाँ लगानी नेपाल भित्रियो। २०६८र०६९मा ७७ परियोजनामा ९८ करोड ६० लाख आएको छ।

२०६९ र ०७० मा चिनियाँ लगानी पाँच गुणाले वृद्धि भयो। एक सय परियोजनाका लागि ५ अर्ब ८० करोड रुपैयाँ चीनबाट नेपालमा लगानी गरियो। लगानी बृद्धिको क्रम जारी रह्यो। आर्थिक वर्ष २०७०र०७१ मा ८ अर्ब ३८ करोड ६० लाख लगानी १ सय २२ परियोजनाका लागि नेपाल भित्रियो। तर २०७१र०७२ मा भने चिनियाँ लगानी स्वात्तै घट्यो। १ सय ५४ परियोजनाका लागि मात्र २ अर्ब ४६ करोड ८ लाख रुपैयाँ नेपाललाई प्राप्त भयो। २०७२र०७३ मा पुन लगानी वृद्धि भयो र ६ अर्ब ३६ करोड ७० लाख चिनियाँ लगानी भएको छ।

### थाती एजेण्डा

२०७२ वैशाख १२ गते नेपालमा प्राकृतिक विपत्ति आइलाग्यो। भूकम्पले राष्ट्रलाई क्षतविक्षत बनायो। अपार जनधनको क्षति भयो। भूकम्पको त्रासदीबाट थिलथिलो भएको नेपाली समाजलाई चीनको भरपूर साथ र सहयोग मिल्यो। उद्धार र राहत कार्यमा चीनले नेपाललाई दिएको दूत सहयोग अविस्मरणीय छ। भूकम्पबाट क्षतिग्रस्त भएका नेपालका साँस्कृतिक सम्पदासहित अन्य भौतिक संरचना पुनर्निर्माणमा पनि चीनले उल्लेखनीय सहयोग प्रदान गरेको छ। पुनर्निर्माणका लागि २५ आयोजनामा चीनले ५० अर्ब नेपाली रुपैयाँ सहयोग दिने प्रतिवद्धता जनाएको थियो र दियो पनि।

२०७२ असोज ३ गते नेपालको संविधान जारी भयो। सशस्त्र द्वन्द्वलाई बिट मारेर नेपाल शान्ति युगमा प्रवेश गर्ने ऐतिहासिक क्षणमा दक्षिणको छिमेकीले बैरी व्यवहार गऱ्यो। नयाँ जारी भएको संविधानप्रति विमति जनाउँदै भारतले नेपाललाई करिब ६ महिनासम्म अघोषित नाकाबन्दी गऱ्यो। नेपाली समाज अभाव र अवरोधले कष्टसाध्य जीवन यापन गर्न बाध्य भयो। संकटको त्यो घडीमा चीन भने अनन्य मित्रको रुपमा उभियो।

चिनियाँ प्रधानमन्त्री ली खछ्याङको निमन्त्रणमा प्रधानमन्त्री केपी ओलीले २०७२ चैत ७ देखि १४ सम्म चीनको भ्रमण गर्नभयो। प्रधानमन्त्री ओलीको चीन भ्रमणको अवसरमा ऐतिहासिक सम्झौता भयो। जसले गर्दा नेपालको दक्षिण छिमेकीसँगको एकहोरो निर्भरता घटाउने प्रकृया आरम्भ भयो। प्रधानमन्त्री ओलीको भ्रमणको अवसरमा नेपाल र चीनबीच पारवहन र यातायात सम्झौता, चिनियाँ बन्दरगाह नेपालले प्रयोग गर्ने सहमति, रसुवागढी काठमाडौं , काठमाडौं पोखरा र पोखरा लुम्बिनी जोड्ने रेलमार्गको अध्ययन

*– भारतले नेपाललाई करिब ६ महिनासम्म अघोषित नाकाबन्दी गर्यो। नेपाली समाज अभाव र अवरोधले कष्टसाध्य जीवन यापन गर्न बाध्य भयो। संकटको त्यो घडीमा चीन भने अनन्य मित्रको रुपमा उभियो*

सहमति, नेपालमा तेल भण्डारण गर्ने डिपो निर्माण तथा तेल खनिज उत्खनन् सम्भावना अध्ययन गर्ने सहमति पत्रमा हस्ताक्षर भयो। इन्धन आपूर्ति भने हुन सकेन।

त्यसैगरी किमाथाङ्का अरुण जलविद्युत परियोजना निर्माण, अन्तरदेशीय विद्युत प्रसारण लाइन निर्माण, किमाथाङ्का - खाँदबारी- धनकुट्टा सडक निर्माणमा पनि सहमति भयो। चीनको स्वप्नील परियोजना एक वेल्ट एक रोडमा सहमत हुन चीनले नेपाललाई आगह गऱ्यो जुन अझै विचार विमर्शको चरणमा छ। नेपाल 'संघाई सहयोग संगठन'को वार्ता पार्टनर पनि बनेको छ।

चीन र नेपाल मित्रता तथा व्यापार बिस्तारका लागि रसवागढी केरुङ, तातोपानी, मुस्ताङको कोरला, गोर्खाको लार्के, दोलखाको लामाबगर, हुम्लाको यारी, संखुवासभाको किमाथाङ्का र ताप्लेजुङको ओलाङचुङगोला नाका खोल्न र स्तरीय सडक सञ्जाल विकसित गर्न आवश्यक छ।

त्यसैगरी तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले पनि २०७३ चैत १० मा चीनको भ्रमण गर्नभयो। प्रधानमन्त्री दाहालले चीनमा बोआओ मञ्चलाई सम्बोधन गर्नभयो। सि जिङ फिङसँग द्विपक्षीय हितको विषयमा वार्ता भयो। वान वेल्ट वान रोड चिनियाँ सपनामा सहमत हुन दाहाललाई चीनले आग्रह गरेको थियो। दाहालको भ्रमणका अवसरमा रेलमार्ग, हवाई मार्ग, सडक विस्तार, ऊर्जा तथा अन्तरदेशीय प्रसारण लाइन , तातोपानी नाका खुलाउने वार्ताका मुख्य एजेण्डा थिए।

प्राचीन कालदेखि नेपाली खाद्य र वस्तुकला तिब्बत निर्यात हुने गर्थ्यो तर १ अर्ब ५० करोड जनसंख्या रहेको अहिलेको चीनसँग नेपालको व्यापार घाटा ६७ अर्बको हाराहारीमा पुगेको छ। यद्यपि चीनले ८ हजार ७ सय ३१ नेपाली वस्तुलाई भन्सार छुट सुविधा दिएको छ। ९७ प्रतिशत नेपाली वस्तुलाई कोटा फ्री सुविधा प्रदान गरिएको छ। तर पनि नेपालले चीनसँगको व्यापार प्रवर्द्धन गर्न सकेको छैन।

राष्ट्रपति विद्यादेवी भण्डारीले चीनको भ्रमण गर्नुभयो र चिनियाँ राष्ट्रपति सि जिङ पिङले पनि नेपालको भ्रमण गर्नुभयो। यी दुई उच्चस्तरीय भ्रमणले दुई देशबीचको सम्बन्धलाई सगरमाथाकै उचाईमा पुऱ्याएको छ। तर चीनबाट नेपालले लिनु पर्ने आर्थिक लाभ भने लिन सकेको छैन। चीनले दिएको व्यापार सुविधा र भन्सार छुटको सदुपयोग गर्दै नेपालले वस्तु निर्यातमा ध्यान दिनुपर्छ।

कोभिडको समाधान निस्कन साथ चिनियाँ पर्यटक तान्ने भरपूर प्रयास गर्न सक्नु पर्छ। नेपालको जलविद्युत क्षेत्रमा चिनियाँ लगानी भित्र्याउने र चिनियाँ कम्पनीहरूको प्राविधिक सहयोग लिने कुरामा नेपाल चुक्नु हुँदैन। बेल्ट एण्ड रोड कार्यक्रममा सहभागी भईनेपालकोभौतिक पूर्वाधार खडा गर्ने अवसर नेपालले छोप्न सक्नु पर्छ।

चीन नेपाल दर्जनौ नाका शीघ्रातिशीघ्र खोलेर सञ्चालनमा ल्याउनु पर्छ। चीन जस्तो आर्थिक महाशक्ति छिमेकी भएको नेपालले द्विपक्षीय सम्बन्धलाई फगत सांस्कृतिक स्तरमा सीमित राख्न हुँदैन। अपितु आर्थिक क्षेत्रहरू बिस्तार गरेर समृद्धिको यात्रालाई गति दिन सक्नु पर्छ।

# मानवअधिकार महाभेला देशभर मनाइने

**काठमाडौं / रासस**


बहत्तरौं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा 'रिकोभर बेटर स्ट्याण्ड फर ह्युमन राइट्स' भन्ने अन्तर्राष्ट्रिय नारा र 'महामारीमा मानव अधिकार: स्वास्थ्य सेवामा सबैको पहुँच विस्तार' राष्ट्रिय नाराका साथ मानवअधिकार राष्ट्रिय महाभेला २०७७ देशभर मनाइने भएको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको मंगलवार ७२ वर्ष पुगेको अवसरमा नेपालमा पनि जनस्वास्थ्यलाई मानवअधिकारको मुख्य विषय मानेर सातवटै प्रदेश र ७७ वटा जिल्लामा महाभेलाका गतिविधि हुन लागेको हो।

विश्वभरि फैलिएको कोरोनाको संक्रमणका कारण जनस्वास्थ्यका मापदण्ड पालना यो वर्ष भर्चुअलरुपमा कार्यक्रम हुने तय भएको मंगलवार आयोजित पत्रकार सम्मेलनमा मानवअधिकार राष्ट्रिय महाभेला, २०७७ का संयोजक गोविन्दबहादुर शाहीले जानकारी दिए।

शुक्रवारदेखि शुरु हुने महाभेलाको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले उद्घाटन गर्नेछन्। महाभेलामा मुलुकभरका मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत संस्थाको सक्रिय सहभागिता हुनेछ। देशभर प्रदेशस्तरीय, जिल्लास्तरीय र अन्य विषयगत सवालमा आधारित भएर विभिन्न कार्यक्रम हुनेछन्।

अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (डिसेम्बर १०) लाई बृहत्रुपमा मनाउन सन् २००९ मा नेपालमा मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संस्थाको अगुवाइमा मानवअधिकार राष्ट्रिय




महाभेला आयोजना गरी राष्ट्रिय मानवअधिकार आयोगसँगको सहकार्यमा सञ्चालन हुँदै आएको छ। वार्षिकरुपमा मानवअधिकार महाभेला विभिन्न संस्थाले संयोजन गर्ने परम्परा रहेको छ।

पाँच दिनसम्म सञ्चालन हुने १२ औं मानवअधिकार राष्ट्रिय महाभेलाको संयोजन कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक), सहसंयोजन नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ र मानवीय जवाफदेहिता अनुगमन अभियान (हामी) ले गर्नेछ।

कोभिड महामारीका कारण मानवअधिकारको अवस्था जटिल बनिरहेको समयमा आयोजना हुने महाभेलाले ऐन कानूनमा मानवअधिकारको प्रष्ट व्याख्या भए तापनि कार्यान्वयनको पाटोलाई अझ प्रभावकारी बनाउन सहयोग पुग्ने मूल आयोजक समारोह समितिले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिम भनिएको छ, 'नेपालमा जातीय, लैङ्गिक, क्षेत्रीय तथा भाषिकरुपमा पनि मानवअधिकार उल्लंघनका घटना बढेको महसुस भएको छ, जातीय विभेद, छुवाछूत, बलात्कार, हत्या, हिंसालगायतका घटना दिन प्रतिदिन बढ्दो दरमा भइरहेका छन्, यस्तो अवस्थामा सबै क्षेत्रबाट एकजुट भई मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा लाग्नुपर्ने देखिन्छ।'

यो महाभेलाले मुलुकमा रहेको मानवअधिकारको अवस्थालाई चित्रित गर्ने, मानवअधिकारको अवस्थालाई अझ सुदृढ बनाउन मार्गनिर्देश गर्ने, मानवअधिकारप्रतिको प्रतिबद्धता कार्यान्वयनप्रति जिम्मेवारी बोध गराउनका साथै ऐक्यबद्ध आवाज निर्माण गर्न यो अभियानलाई सशक्त र प्रभावकारी बनाउन आह्वान गरिएको छ।

# सिकाइ सहजीकरणका लागि 'इ क्लास नेपाल'

**काठमाडौं / रासस**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रले वैकल्पिक सिकाइलाई सहजीकरण गर्न 'इ क्लास नेपाल' नामक मोबाइल एप्स विकास गरी सञ्चालनमा ल्याएको छ।

सो एप्सको मंगलवार भर्चुअलरुपमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले शुभारम्भ गरे। उनले विद्यार्थीलाई सहज एवं सरल ढङ्गबाट विकसित सामग्रीको खोज गर्न, अध्ययन गर्न सकुन् भन्ने अभिप्रायसहित तयार गरिएको सो एप्सले कोभिड-१९ पछि प्रभावित दूरराजका बालबालिकालाई लाभ पुग्ने बताए।

उनले सरकारले शैक्षिकसत्रलाई खेर जान नदिनका लागि विभिन्न निर्देशिका र शैक्षिक सामग्रीको विकास गरी वितरण गर्दै आएको जानकारी दिए।

महामारीपछि मन्त्रालयले गत जेठ १८ गते वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरी विद्यार्थीको सिकाइ अवस्थाको वर्गीकरणसहित सिकाइका वैकल्पिक उपायको प्रयोग गर्न मार्गप्रशस्त गरेको थियो।

केन्द्रमार्फत सिकाइ पोर्टल विकास गरी विद्यालय शिक्षाका सबै पाठ्यपुस्तकसहितका सामग्री उक्त पोर्टलमार्फत अध्ययन गर्न सकिने व्यवस्था पनि मिलाएको थियो भने श्रव्यदृश्य पाठहरू निर्माण/विकास गरी क्रमश: रेडियो र टेलिभिजनबाट प्रशारण गराएको थियो।

केन्द्रका महानिर्देशक बैकुण्ठ अर्यालले अनलाइनपद्दतिमा सामग्रीको सहज उपलब्धता, कम गतिको इन्टरनेटबाट पनि हेर्न र अध्ययन गर्न सकिने सामग्रीको विकास, टिभी र कम्प्युटरमा पहुँच नभएका कक्षा १० सम्मका विद्यार्थीलाई सहज उपलब्ध हुनसक्ने प्रणाली निर्माण गर्न प्राप्त सुझावका आधारमा सो एप्स विकास गरिएको बताए।

एप्समा केन्द्रबाट विकास गरी टेलिभिजनबाट प्रशारण गरिएका सबै पाठहरू, पोर्टलमा रहेका पाठ्यपुस्तकलाई अझ सरल ढङ्गबाट अध्ययन गर्न मिल्ने तथा शिक्षकका लागिसमेत उपयोगी हुने गरी विषयगत/ कक्षागत शिक्षक निर्देशिका र पाठ्यक्रम समावेश गरिएको छ।

# स्याटेलाइट राख्ने पुरानो प्रक्रिया खारेज

**काठमाडौं / रासस**

नेपाल दूरसञ्चार प्राधिकरणले नेपालकै स्याटेलाइट राख्ने प्रक्रिया खारेज गरेको छ। चार वर्ष अर्थात् २०७३ सालदेखि शुरु भएको प्रक्रिया खारेज भएको प्राधिकरणले जनाएको छ।

शुरुआती चरणमा स्याटेलाइन राख्ने आह्वान गरिएको अन्तर्राष्ट्रिय आशयपत्रमा सबै जिम्मा एकै कम्पनीलाई दिने तयारी भएको थियो तर पछिल्लो समय सरकारले स्याटेलाइटसम्बन्धी नीति नै बनाएपछि उक्त प्रक्रिया खारेज गर्नुपरेको जनाइएको छ। प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्याल नयाँ ल्याइएको भूउपग्रह सम्बन्धी नीतिअनुरुप नयाँ योजना तय गर्न पुरानो खरिद प्रक्रिया रद्द गरिएको बताउँछन्। पुरानो आशयपत्रमा सबै प्रक्रियालाई एकै ठाउँमा राखिएको थियो तर नयाँ नीतिमा स्याटेलाइट स्थापनाका लागि आवश्यक कानून, सञ्चालन मोडालिटीलगायतका काम छुट्टछुट्टै गर्नुपर्ने उल्लेख गरिएको छ। उनका अनुसार उक्त काम गर्न अन्तर्राष्ट्रिय परामर्शदाता आह्वानको तयारी भएको छ। सन् २०२२ भित्र आफ्नै स्याटेलाइट सञ्चालमा ल्याउने भन्दै गत असारमा भू-उपग्रह सम्बन्धी नीति सार्वजनिक गरिएको थियो।

अन्तर्राष्ट्रिय टेलिकम युनियनले नेपालका लागि उपलब्ध गराएको १२३।३ पूर्वी देशान्तरको स्लटमा स्याटेलाइट राख्न अनुमति दिएको थियो। युनियनले छुट्टाइएको स्लटमा स्याटेलाइट स्थापनाका लागि सञ्चार मन्त्रालयले गठन गरेको अध्ययन समितिले उक्त स्थानमा स्याटेलाइट स्थापना गर्न उपयुक्त नहुने तर्क राखेको थियो। समितिले स्याटेलाइट स्थापना गर्दा व्यावसायिक रूपमा नाफामूलक नहुने भन्दै अर्को स्लट माग गर्नुपर्ने आशयको प्रतिवेदन तयार पारेको थियो। उक्त समितिले नेपाललाई ८० डिग्री पूर्वी देशान्तरदेखि ८९ डिग्री पूर्वी देशान्तरको स्लट उपयुक्त हुने निष्कर्ष निकालेको थियो। नेपालको आफ्नै स्याटेलाइट राख्ने गरी प्राधिकरणले २०७३ साल असोज २० गते आह्वान गरेको आशयपत्रमा १२ देशका २२ कम्पनीले स्याटेलाइट राख्न रुचि देखाएका थिए।

# गणतान्त्रिक शक्तिलाई एक हुन आह्वान

**काठमाडौं / रासस**

प्रधानमन्त्री केपी शर्मा ओलीले जनताको संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धिको रक्षाका लागि सबै परिवर्तनकारी दल र शक्ति एक जुट हुन आह्वान गरेका छन्। सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय दलहरूको सर्वदलीय बैठकमा प्रधानमन्त्री ओलीले नेताहरूलाई स्वागत गर्दै पछिल्ला दिनमा प्रतिगमनका नाममा भएका संविधानविरोधी र हिंसात्मक गतिविधि सह्य नहुने स्पष्ट गरे।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा कोभिड-१९ विरुद्धको रोकथाम, लोकतान्त्रिक आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा, संविधानविरोधी गतिविधिलगायत विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिए। सो अवसरमा प्रधानमन्त्रीले कोभिड-१९ को रोकथाम र नियन्त्रणमा सरकारले गर्दै आएका कामबारे पनि प्रकाश पारेको थियो।

बैठकमा सत्तारुढ नेपाल कम्म्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री तथा विभिन्न दलका प्रमुख र प्रतिनिधिको सहभागिता थियो।



# 'म नै बनाउँछु, मेरो लागि अस्पताल' अभियान




**काठमाडौं / रासस**

चन्द्रागिरि नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न क्षेत्रमा क्रियाशील युवा मिलेर 'म नै बनाउँछु, मेरो लागि अस्पताल' भन्ने अभियान शुरुआत गरेका छन्। चन्द्रागिरिमा सुविधासम्पन्न अन्तर्राष्ट्रियस्तरको अस्पताल बनाउने परिकल्पना बोकेर युवाले सो अभियान शुरु गरेका हुन्।

अभियानलाई आगामी दिनमा कसरी सार्थक बनाउने र कार्यान्वयनमा लैजाने भन्ने ध्येयले मंगलवार पहिलो चरणको छलफल तथा भेला सम्पन्न भएको गुर्जुधारास्थित अन्तर्राष्ट्रिय भेहिकल एकेडेमी एन्ड रिसर्च सेन्टरका सञ्चालक रामनारायण घिमिरेले जानकारी दिए। उनले नगरभित्र सुविधासम्पन्न अस्पताल निर्माण गर्ने अभियानलाई सहयोग गर्न नगरवासीलाई आग्रह गर्दै आफूले पनि सहयोग गर्ने जानकारी दिए। उनले भने, 'हामी जो जहाँ छौं, त्यहीँबाट सहयोगी मन लागौं, असम्भव भन्ने केही छैन।'

सो अवसरमा वडा १२ का अध्यक्ष श्रेष्ठले प्रस्तावित ५५ रोपनी जमीन उपयुक्त भएमा सहयोग गर्ने जानकारी दिए। राष्ट्रिय ट्रक यातायात महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँले अस्पताल बनाउन सबैको सहयोग र सहकार्य आवश्यक रहेको बताए।


प्रारम्भिक छलफलमा चन्द्रागिरि नगर प्रवक्ता हरिभक्त महर्जन, वडा नं १२ का वडाध्यक्ष प्रकाश श्रेष्ठ, वडा नं ७ का वडाध्यक्ष सञ्जय सिग्देल, युवा व्यवसायी राजेश घिमिरे, माधव अधिकारी, राजन श्रेष्ठ, युवा समाजसेवी, भुवन गिरी, पेशल खतिवडा, सञ्चारकर्मी रोशन दानी, श्यामसुन्दर पुडासैनीलगायतको उपस्थिति थियो।

# कञ्चनपुरको ऐतिहासिक सुनदेवी ताल ओझेलमा

**राजेन्द्र प्रसाद पनेरु / कञ्चनपुर**

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-७ चुरे पर्वतको काखमा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपूर्ण सुनदेवी ताल ओझेलमा परेको छ। आवश्यक प्रचारप्रसार तथा भौतिक पूर्वाधारको विकास हुन नसक्दा ऐतिहासिक महत्व भएर पनि यो ताल ओझेलमा परेको स्थानीयवासीको गुनासो छ। धार्मिक एवं पर्यटकीय हिसाबले अत्यन्त महत्वपूर्ण रहेको यो ताल क्षेत्रसम्म पुग्ने सडकसमेत निर्माण नगरिँदा यस क्षेत्रले चर्चा पाउन सकेको छैन। सडक यातायात र प्रचारप्रसारको अभावमा आन्तरिक थोरै मात्र पर्यटक यस क्षेत्रसम्म पुग्दै आएका छन्। करिब ७०० मिटर लम्बाइ र ४०० मिटर चौडाइ भएको सुनदेवी तालमा रहको पानी हावाको वहाबसँगै निलो र पहेंलो रङगको देखिने गरेको छ। तालमा रहेको पानी सुन जस्तै एकनासको पहेँलो देखिने गरेकाले यस तालको नाम सुनदेवी रहन गएको बताइएको छ। तालको वरिपरी घना वन क्षेत्र भए पनि तालमा रुखबाट खस्ने पात भने कहींकतै पनि देखिदैन। ताल सधैँ सफा रहने गरेको पाइन्छ। चारैतिर पहाडले घेरिएको योताललाई जतातिरबाट हेरेपनि चौडाइ र लम्बाइ ठम्याउन निकै मुस्किल हुन्छ। चारैतिर पहाड र घना सालको वनको बीच भागमा स्थित सुनदेवी तालको मनमोहक दृश्यले यहाँ पुग्ने पर्यटकलाई मन्त्रमुग्ध पार्ने गरेको छ। नगरपालिकाको झलारी बजारदेखि झण्डै १५ किलोमिटरको दूरीमा रहेको यो तालसम्म पुग्नका लागि आठ किलोमिटर निजी सवारी साधनमा र त्यसपछि पैदल हिड्नुपर्ने हुन्छ।

नगरपालिकाको वडा कार्यालयले बस्ती रहेका क्षेत्रसम्म सडकको स्तरोन्नति गर्ने कार्यलाई



अगाडि बढाए पनि मनोरम पर्यटकीय क्षेत्रसम्म पुग्नका लागि भने सडक निर्माणको पहल गरेको पाइदैन। स्थानीय विद्यालयका विद्यार्थीले पिकनिक खान र धार्मिक पर्यटक भने सुनदेवीको दर्शनका लागि यहाँ आउने गरेका छन्। 'यो तालमा माछा भने देखिदैनन्', स्थानीयवासी लालबहादुर महराले भने, 'चुरे क्षेत्रका अधिकांश तालमा माछा पाइने गरे पनि यस तालमा हालसम्म माछा देखेका छैनौं।'

तालका वरिपरी पाटे बाघका पदचिन्ह जतातत सहजै देखिन्छन्। विभिन्न प्रजातिका मयुर, मैना, लाटोकोसेरो, कालिज, हाँस, धनेसलगायतका चराको चहलपहलले यस क्षेत्रमा पुग्नेहरू प्रकृतिको अनुपम आनन्द लिन पछि पर्दैनन्। बाँदर, लगुना, मृग, बँदेलले भने बाटोमै हिँड्दै गर्दा बिचमै देखा पर्ने गरेका छन्। ताल छेउमा स्थानीय बासिन्दाले पूजा गर्दै आएको सुनदेवीको पुरानो खुला आकासमुनिको काठको छाना भएको सानो भगवतीको थापनासमेत छ। थापनास्थलमा सन् १६७३ का पुराना ठूला घण्टी राखिएकाले यो क्षेत्र प्राचीनकालदेखिनै धार्मिक क्षेत्रका रुपमासमेत परिचित रहेको पुष्टि हुन्छ।

ताल नजिकै रहेको सुनदेवीको थपनामा भाकल गरे निसन्तानले सन्तान प्राप्त हुने जनविश्वासका कारण यस क्षेत्रमा नवरात्रका बेला भाकल गर्ने र बर माग्नेको घुइँचो लाग्ने गरेको छ। नवरात्र, दशैं, तिहार, माघे सङ्क्रान्तिमा पूजापाठ र भाकलका लागि यहाँ भक्तजन पुग्ने गरेको वातावरण सामुदायिक वनका अध्यक्ष पुस्कर सिंहले बताए। उहाँका अनुसार विवाह, व्रतबन्धन र स-साना नानीको कपाल मुण्डनका लागि भक्तजन यहाँ पुग्ने गरेका छन्। 'त्यो संख्या भने थोरै मात्र रहने गरेको छ', उनले भने। तालको पानी निकास हुने क्षेत्रमा वर्षेनी पहिरो जाने क्रम नरोकिएकाले तालनै नासिने चिन्ता स्थानीयवासीमा देखिएको छ।

तालको दक्षिणतर्फ झण्डै सात किलोमिटर टाढाको स्टेशनपुर क्षेत्र अङ्ग्रेजहरूले काठ ओसार्नका लागि रेल स्टेशनका रुपमा प्रयोग गर्ने गरेकाले यो क्षेत्र एतिहासिकस्थानका रुपमा रहेको शिवराज भट्टले बताउनुभयो। स्टेशनमा अङ्ग्रेजले झण्डा गाडेको स्थानलाई हाल झण्डा बोझ नामले चिनिने गरेको छ। जङ्गबहादुर राणालाई अङ्ग्रेजले नयाँमुलुक फिर्ता दिएपछि रेलका फलामका डण्डी हटाइएका यहाँका बुढापाका बताउँछन्।

# किसानहरू भारत बन्द गराउन सफल !

**टुडे एक्सप्रेस**

आन्दोलनरत किसानहरूले मंगलवार भारत बन्द गराए। बन्दका कारण बिहानैदेखि सडक, शैक्षिक संस्था, कल कारखाना र व्यापार व्यावसाय पूर्णरुपमा ठप्प रह्यो। क्रान्तिकारी किसान युनियनको आव्हानमा भएको बन्दलाई विभिन्न ११ राज्य सरकारले पनि समेत समर्थन गरे। हुन त केहि राज्यमा बन्दको प्रभाव परेन। यद्दपी समग्ररुपमा बन्द सफल भएको किसानहरूले दावी गरेका छन्।

पन्जाब, दिल्ली, राजस्थान, बंगाल, केरला, झारखण्ड, आन्द्र प्रदेश, तेलंगना, महाराष्ट्र, छत्तिसगढ र पुडुचेरीका राज्य सरकारले आन्दोलनलाई समर्थन गर्दै नरेन्द्र मोदीको केन्द्र सरकारमाथि दबाब बढाए। विश्वकै दोस्रो ठूलो जनसंख्या भएको मुलुक भारतमा जनसंख्यको ठूलो हिस्सा कृषिमा आधारित छ। सरकारले हालै ल्याएको कृषि सुधार योजनाको विरोधमा किसानहरू आन्दोलित बनेका छन्।सरकारी कानुनले आफुहरूको शताब्दीऔं पुरानो बजार व्यवस्थापन र नियन्त्रण प्रणाली बिग्रिने उनीहरूको तर्क छ। सरकारले कृषि क्षेत्रमा ठूला नीजि कम्पनी र साझेदारहरूलाई फाईदा पुग्ने योजना ल्याएपछि आन्दोलित भएको उनीहरू बताउँछन्।

खासगरी पन्जाब र हरियाणाका लाखौं किसान संघिय राजधानी दिल्लीमा धर्ना बसिरहेका छन्। किसानको बन्दलाई केन्द्र सरकारमा विपक्षीको भूमिकामा रहेका विभिन्न १९ राजनीतिक दलले समर्थन गरे। सरकारले प्रशासन लगाएर बन्दको कार्यक्रम असफल बनाउने प्रयास गरेपनि सम्भव भएन।

## मुख्यमन्त्री केजरीवाललाई नजरबन्दमा राखियो

किसानको आन्दोलनमा समर्थन जनाइरहेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई मंगलवार नजरबन्दमा राखियो। दिल्ली प्रहरीले केजरीवाललाई घरबाट बाहिर निस्कन नदिएको आम आदमी पार्टी(आप)को आरोप छ।



आपका अनुसार केजरीवाललाई बाहिर निस्कन दिएनन्। उनको घरमा कसैलाई पनि आउजाउ गर्न समेत रोक लगाइयो।

दिल्ली प्रहरीले भने आपको आरोपलाई अस्वीकार गरेको छ। केजरीवाललाई कुनै रोक नलगाएको प्रहरी अधिकारीले दावी गरेका छन्।

# कोभिड-१९ खोप प्रयोगका लागि भारतमा निवेदन

**रासस** / सिन्ह्वा

दुई वटा कोभिड-१९ खोप उत्पादक कम्पनीहरू फाइजर इन्डिया र सेरम इन्स्टिच्यूट अफ इन्डिया (एसआइआइ) ले भारतमा कोभिड-१९ को खोप भारतमा आपतकालीन प्रयोगमा ल्याउन भन्दै भारतीय औषधि व्यवस्था विभाग (डिसिजिआइ) समक्ष आवेदन दिएका छन्।

भारतमा फाइजर कोभिड-१९ का लागि विभाग समक्ष अनुमति माग्न पुग्ने पहिलो विदेशी कम्पनी हो भने सेरम पनि कोभिसिल्ड खोपका लागि आवेदन गर्ने पहिलो भारतीय कम्पनी हो। विभागका एक अधिकारीले भने, 'फाइजर इन्डियाले फाइजर-बायोएनटेकको कोभिड-१९ भ्याक्सिन भारतमा आयात र वितरण गर्न अनुमतिका लागि आवेदन दिएको छ।'

यद्यपी खोप भण्डार गर्न आवश्यक पर्ने माइनस ७० डिग्री सेल्सियसको अत्यन्त कम तापमानले भारत जस्ता मुलुकमा यसको वितरणका लागि ठूलो चुनौती छ। फाइजरले खोपको आपतकालीन प्रयोगका लागि यस किसिमको अनुमति बेलायत र बहराइनमा पाइसकेको छ।

'प्रतिज्ञा गरेझैं सन् २०२० को अन्त्य हुनुअघि नै भारतमै निर्मित खोप कोभिसिल्डको आपतकालीन प्रयोगका लागि सेरमले आवेदन दिएको छ। यसले असंख्यको ज्यान बचाउनेछ। भारत सरकार र प्रधानमन्त्री नरेन्द्र मोदीलाई उहाँहरूको अमूल्य सहयोगका लागि धन्यवाद दिन चाहन्छु,' एसआइआइका प्रमुख अदार पुनावालाले एक विज्ञप्तिमा भनेका छन्।

हाल, भारतीय स्वास्थ्य अनुसन्धान परिषदद्वारा सह-प्रायोजित कोभिसिल्डको तेस्रो चरणको क्लिनिकल परीक्षण देशका विभिन्न भागमा संचालनमा छ। एसआइआइले विशाल औषधि उत्पादक कम्पनी अस्ट्राजेनिका र अक्सफोर्ड विश्वविद्यालयसँग कोभिसिल्डको उत्पादनका लागि साझेदारी गरेको छ।

पुनावालाले भारत सरकारले एसआइआइबाट उत्पादित कोभिड-१९ का खोप ३० करोडदेखि ४० करोड डोज खरिद गर्ने बताए। यस कम्पनीले हाल प्रति महिना ५० देखि ६० लाख डोज उत्पादन गरिरहेको छ र अर्को वर्ष सन् २०२१ को जनवरीदेखि प्रति महिना १० करोड डोज उत्पादन गर्ने योजना छ।

कोभिसिल्ड खोपलाई २-८ डिग्री सेल्सियस तापक्रममा भण्डार गर्न सकिन्छ। भारत सरकारले देशको सबैभन्दा ठूलो खोप अभियान संचालनका लागि पूर्व तयारी शुरु गरिसकेको छ। हाल, भारतमा पाँच किसिमका कोभिड-१९ खोपहरू विकासको लगभग अन्तिम चरणमा पुगेका छन्।

गत हप्ता भारतीय प्रधानमन्त्री मोदीले विज्ञहरूले भनेबमोजिम केही हप्ताभित्रै खोप तयार हुने बताउनु भएको थियो।

यसैबीच, भारतमा कोरोनाभाइरस संक्रमितको संख्या मंगलबारसम्म ९७ लाख पुगेको छ। भारतमा १ लाख ४० हजार ९९४ जनाको मृत्यु भइसकेको छ।

# फिफा विश्वकप : युरोपियन छनोटको ड्र सार्वजनिक

**एजेन्सी**

सन् २०२२ मा कतारमा हुने विश्वकपको लागि युरोपियन छनोटको ड्र सार्वजनिक गरिएको छ। सोमबार राति स्वीट्जरल्याण्डको ज्युरिखमा भर्चँल माध्यमबाट गरिएको सार्वजनिक ड्र अनुसार साविक विजेता फ्रान्सले छनोटको समूहमा युक्रेन, फिनल्याण्ड, बोस्निया हर्जगोभिना र कजाखस्तानसँग खेल्नेछ।

जसमा युरोपका ५५ देशलाई विभिन्न १० समूहमा विभाजन गरिएको छ। ५ समूहमा ५/५ देश समावेश छन् भने ५ समूहमा ६/६ देश समावेश गरिएको छ। सन् २०२१ को युइएफए नेसन्स लिगको फाइनल्सका लागि छनोट भइसकेका बेल्जियम, फ्रान्स, इटली र स्पेनको समूहमा ५/५ टिम राख्ने पहिले नै तय भइसकेको थियो।

सन् २०२१ को मार्चदेखि युरोपियन क्षेत्रको छनोट चरणका खेलहरू सुरु हुनेछन्। प्रत्येक समूहको विजेता सीधै विश्वकपमा छनोट हुनेछ भने बाँकी ३ टिम प्लेअफ मार्फत कतार विश्वकपमा पुग्नेछन्।




## कुन समूहमा कुन देश ?

समूह 'ए' : पोर्चुगल, सर्बिया, रिपब्लिक आयरल्यान्ड, लक्जेम्बर्ग, अजरबैजान

समूह 'बी' : स्पेन, स्विडेन, ग्रिस, जर्जिया, कोसोभो

समूह 'सी' : इटाली, स्विट्जरल्यान्ड, उत्तरी आयरल्यान्ड, बुल्गेरिया, लिथुवानिया

समूह 'डी' : फ्रान्स, युक्रेन, फिनल्यान्ड, बोस्निया हर्जगोभिना, कजाखस्तान

समूह 'ई' : बेल्जियम, वेल्स, चेक गणतन्त्र, बेलारुस, इस्टोनिया

समूह 'एफ' : डेनमार्क, अस्ट्रिया, स्कटल्यान्ड, इजरायल, फारोइ आइल्यान्ड्स, माल्दोभा

समूह 'जी' : नेदरल्यान्ड्स,टर्की, नर्वे, मोन्टेनेग्रो, लात्भिया, जिब्राल्टार

समूह 'एच' : क्रोएसिया, स्लोभाकिया, रुस, स्लोभानिया, साइप्रस, माल्टा

समूह 'आई' : इंग्ल्यान्ड, पोल्यान्ड, हंगेरी, अल्बानिया, एन्डोरा, सान मारिनो

समूह 'जे' : जर्मनी, रोमानिया, आइसल्यान्ड, उत्तरी म्यासेडोनिया, अर्मेनिया, लिचेन्स्टाइन

# जापानमा थप ७ सय अर्ब डलरको आर्थिक प्याकेज

**रासस** / सिन्ह्वा

जापानका प्रधानमन्त्री योसिहिदे सुगाले कोरोनाभाइरसका कारण सिर्जित चुनौतीलाई सम्बोधन गर्नेगरी मंगलबार थप आर्थिक प्याकेज ल्याइने घोषणा गर्नुँ भएको छ।

सरकार र सत्तारुढ पार्टीको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री सुगाले रोजगारी कायम राख्ने, व्यवसायलाई निरन्तरता दिने, अर्थव्यवस्थालाई पुनर्जीवित तुल्याउने तथा हरित एवं डिजिटल प्रविधि लगायतको विकासको ढोका खोलिने बताए। उनले सरकारले अघि सार्न लागेको आर्थिक प्याकेज ७०७ अर्ब अमेरिकी डलरको हुने जानकारी दिए।

यस आर्थिक प्याकेजबाट कोभिड-१९ महामारीबाट सिर्जित नकारात्मक आर्थिक प्रभावलाई कम गर्न सहयोग पुग्ने प्रधानमन्त्री सुगाले विश्वास व्यक्त गरे। मंगलबार मन्त्री परिषदको बैठकले नयाँ आर्थिक प्याकेजलाई अनुमोदन गर्नेछ।

# टिकटकमाथि ट्रम्पको प्रतिबन्ध, न्यायाधीशको अंकुश

**रासस** / एएनआई

अमेरिकी एक संघीय न्यायाधीशले भिडियो सेयरिङ प्लेटफर्म टिकटकमाथि ट्रम्प प्रशासनले लगाउन चाहेका प्रतिबन्धहरू हाललाई रोक्न आदेश दिएका छन्।

चिनियाँ कम्पनी बाइटडान्समाथि अमेरिकी नागरिकको व्यक्तिगत र गोपनीय सूचनामाथि टिकटक मार्फत पहुँच बढाएको आरोप लगाउँदै ट्रम्प प्रशासनले अमेरिकामा टिकटकमाथि प्रतिबन्ध लगाउने घोषणा गरेको थियो। तर संघीय न्यायाधीशले ट्रम्प प्रशासनका तर्फबाट वाणिज्य मन्त्रालयले प्रस्तुत गरेका तर्कहरू पर्याप्त नभएको आदेश जारी गरेका छन्।

ट्रम्प प्रशासनले टिकटकमाथि प्रतिबन्ध लगाउने क्रममा आफ्नो अधिकार क्षेत्र नाघेको र एकपक्षीय एवं स्वेच्छाचारी निर्णय गरेको न्यायाधीशको आदेशमा उल्लेख छ।




ट्रम्प प्रशासनले बाइटडान्सलाई अमेरिकामा टिकटक हेर्नका लागि अमेरिकी कम्पनीलाई बिक्री गर्न अनुमति दिनु भएको थियो। तर हालसम्म अमेरिकी कम्पनीहरूसँग संझौताका लागि वार्ताहरू भए पनि निर्णय भइसकेको छैन।

# बेलायतमा ९० वर्षीयाले लगाइन् पहिलो कोभिड-१९ खोप



**रासस** / एएफपी

बेलायतमा मंगलबार देशको इतिहासमै सबैभन्दा ठूलो खोप अभियान शुरु भएको छ। फाइजर-बायोएनटेकले उत्पादन गरेको कोभिड-१९ विरुद्धको खोप एक ९० वर्षीया हजुरआमाले लगाएर खोप अभियान शुरु भएको हो।

मध्य बेलायतको कोभेन्ट्री निवासी ९० वर्षीया मार्गरेट कीनानलाई यो ऐतिहासिक खोप दिएर बेलायतमा खोप अभियानको औपचारिक शुरुआत गरियो। बेलायतले फाइजर-बायोएनटेकले उत्पादन गरेको खोपलाई औपचारिक स्वीकृत गरी देशव्यापी खोप अभियान शुरु गरेको छ। पहिलो चरणमा ८० वर्षभन्दा बढी उमेर भएका, केएर होममा कार्यरत व्यक्तिहरू तथा स्वास्थ्य जोखिम उच्च रहेका स्वास्थ्यकर्मीलाई यो खोप दिइने योजना बेलायत सरकारको छ।

विश्वभर १५ लाखभन्दा बढी व्यक्तिको ज्यान लिइसकेको कोरोनाभाइरसबाट बेलायतमा पनि ६१ हजार भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ। बेलायतमा १६ लाख व्यक्ति कोरोनाभाइरसबाट संक्रमित भएका छन्। प्रधानमन्त्री बोरिस जोन्सनले खोप अभियान कोभिड-१९ विरुद्ध बेलायतको पहिलो र ठूलो अभियान रहेको बताए।

बेलायतको नियामक निकायले गत बुधबार मात्र फाइजरको खोपलाई अनुमति दिएको थियो। कतिपय वैज्ञानिक समुदायले बेलायतले अलिबढी हतार गरेको बताए पनि बेलायतमा सरकारको कदमलाई स्वागत गरिएको छ। बेलायतले हालसम्म ४ करोड डोज खोप खरिद गर्न फाइजरसँग सम्झौता गरेको छ। यसबाट करिब २ करोड मानिसलाई खोप दिन पुग्नेछ।

पहिलो चरणमा करिब ८ लाख व्यक्ति खोपबाट लाभान्वित हुने बेलायतको स्वास्थ्य मन्त्रालयले जनाएको छ। यही डिसेम्बर महिनाको अन्त्य सम्ममा ४० लाख डोज उपलब्ध हुने अपेक्षा बेलायतको छ।


## विज्ञापन दर रेट सम्बन्धी सूचना

नेपाली राष्ट्रिय दैनिक टुडे एक्सप्रेसमा प्रकाशन हुने विज्ञापनमा मिति २०७७ मंसिर ५ गते देखि लागु हुने गरी दररेट निम्नअनुसार कायम गरिएको जानकारी गराइन्छ।

| Advertisement | B/W per Column/cm | | | Color per coulmn/cm | | |
|---|---|---|---|---|---|---|
| | Inside | Back | Front | Inside | Back | Front |
| Government | 1,225/- | 1,525/- | 2,525/- | 1,325/- | 2,025/- | 2,525/- |
| Private | 1,225/- | 1,225/- | 1,825/- | 1,225/- | 1,825/- | 2,325/- |
| Classified | 500/- | - | - | 1,025/- | - | - |
| Eear Panel Front | - | - | - | 6,025/- | - | - |
| Eco. Page Ear Panel | - | - | - | 4,025/- | - | - |
| Jacket Page (Front & Second Page) | 8,12,225/- | | | | | |
| Jacket Page ( Front & Back Page) | 10,00,555/- | | | | | |

उपरोक्त दर रेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन्।

टुडे एक्सप्रेस राष्ट्रिय दैनिक,
कार्यालयः जनकपुरधाम,धनुषा, फोन : ०४१-५९००९७, मो.९८१०२९०४७४
email: etodayexpress@gmail.com

छापावाल सुन प्रति तोला रु.९४,१००/-
तेजावी सुन प्रति तोला रु.९३,६५०/-
चाँदी प्रति तोला रु.१,२३५/-













तस्विर : कमलेश ठाकुर, जनकपुरधाम




# तस्विरमा हेर्नुस् जनकपुरधाम विमानस्थलको नवर्नित भवन उद्घाटन समारोह

१ : विमानस्थलको नवनिर्मित टर्मिनल भवनको उद्घाटन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई । साथमा जसपा नेता राजेन्द्र महतो लगायतका विशिष्ट व्यक्तिहरु ।

२ : नवनिर्मित टर्मिनल भवनमा एयरलाइन्सको काउण्टरहरु ।

३ : मन्त्री योगश भट्टराईसँग भेट भएपछि जसपा नेता राजेन्द्र महतो नमस्कार गर्दै ।

४ : उद्घाटन समारोहमा संघीय र प्रदेशका मन्त्री तथा अन्य विशिष्ट अतिथिहरु ।

५ : उद्घाटन समारोहमा सहभागी भएका अतिथिहरु ।

# सात वर्षमा पनि बनिसकेन बालाजु–त्रिशूली सडक

काठमाडौं / रासस

निर्माण शुरु भएको सात वर्ष बित्दासमेत बालाजु-त्रिशूली सडक सम्पन्न भएको छैन। चारपटक अवधि थप भएको यो सडकको अवधि पुससम्म भए पनि त्यो समयसम्म पनि सम्पन्न हुने नदेखिएको बालाजु-त्रिशूली-छहरे सडक योजनाले जनाएको छ।

कुल ५५ किलोमिटर लम्बाइको बालाजु-त्रिशूली सडक दुई फरक निर्माण व्यवसायीले निर्माण गरेकामा दुवैतर्फको सडकको प्रगति राम्रो नभएको योजनाका प्रमुख जगत प्रजापतिले बताए। उनका अनुसार यो सडकमा बालाजुबाट ककनीसम्म एउटा ठेक्का र ककनीबाट पिपलटारसम्म अर्को ठेक्का हो। बालाजुबाट ककनी सडकमा एआइपिएल र सैलुङ कम्पनीले निर्माण गरिरहेको छ। निर्माण कम्पनीले तिहारपछि काम शुरु गरेर अबको केही समयभित्र तीनपिप्लेसम्मको कालोपत्रको तयारी गरेको छ। उनले भने, 'त्यस ठाउँसम्म अबको १० दिनसम्म सक्ला कि भन्ने देखिन्छ।'

बालाजु-ककनी सडकको अवधि एक महिना मात्रै बाँकी भए पनि सो अवधिमा सम्पन्न हुने नदेखिएको प्रमुख प्रजापतिले बताए। कोभिडका कारण अवरुद्ध आयोजनाको अवधि थप छ महिनाका लागि थप्ने मन्त्रिपरिषद्ले निर्णय गरेको थियो। सोहीअनुसार अवधि थपका लागि निवेदन आएको उनले बताए। उनले भने, 'असारसम्ममा सक्छ कि भन्ने देखिन्छ।'

पटक-पटक अवधि थप गरिए पनि निर्माण व्यवसायीले अझै काम नियमित नगरेको प्रमुख प्रजापतिले बताए। योजनाले पटक-पटक काम अघि बढाउन भन्दै आएको उनको भनाइ छ। ठेक्का सम्झौता भएको लामो समय बित्दासमेत ढिलाइ गरेकाले सरकारले कम्पनीलाई जरिवाना गरिसकेको छ। कम्पनीलाई रु तीन करोड ६५ लाख जरिवाना गरिएकामा रु दुई करोड असुली भइसकेको छ। रु एक करोड ६५ लाख असुली बाँकी भएको उनले जानकारी दिए। उनले भने, 'त्यो पनि काम गराएर असुली गरिनेछ।'

सरकारले अहिलेसम्म चारपटक अवधि थप गरिसकेको छ भने अब थप्दा पाँचपटक थप हुनेछ। विसं २०७०/७१ मा सडक निर्माणका लागि ठेक्का सम्झौता भएको थियो। पछिल्लोपटक सार्वजनिक खरिद नियमावलीको नवौं संशोधनअनुसार गत वर्ष भौतिक पूर्वाधार तथा यातायत मन्त्रालयले पुस मसान्तसम्म अवधि थप गरेको थियो।

बालाजु-त्रिशूली-छहरे सडकमा बालाजु-त्रिशूली दुई ठेक्का र त्रिशूली-छहरे एउटा ठेक्का गरी तीन ठेक्का रहेको छ। तीमध्ये तीनवटै ठेक्कामा काम ढिलाइ भएको छ। पछिल्लो समय तुलनात्मकरूपमा त्रिशूली छहरे सडकमा प्रगति राम्रो दखिन्छ। बालाजु-त्रिशूली ५५ किमी र त्रिशूली-छहरे ११ किमी गरेर यो योजनाले ६६ किमी सडक हेरिरहेको छ। यी तीनै कम्पनीसँग विसं २०७०/७१ मा ठेक्का सम्झौता भएको थियो।

पटक-पटक अवधि थए भएको भए पनि पछिल्लोपटक थपिएको अवधिमा त्रिशूली छहरे खण्डमा निर्माण सम्पन्न हुने देखिएको छ। ककनी पिपलटारसम्म निर्माणको काम ठप्प छ। पाँच महिनादेखि सो ठेक्का अदालतमा विचाराधीन भएकाले निर्माण अघि बढ्न सकेका छैन।

# अरुण तेस्रोका मजदुर आन्दोलित, काम अवरुद्ध

किमाथाक्ता / रासस

संखुवासभामा निर्माणाधीन ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् परियोजनाका मजदुर आन्दोलित भएका छन्। अरुण तेस्रो परियोजनाका मजदुर विभिन्न माग राख्दै सोमबारदेखि आन्दोलित हुँदा काम ठप्प भएको छ। बाँधस्थल मकालु गाउँपालिकालु-५ फ्याक्सिन्दाका मजदुर ज्याला बढाउन माग गर्दै दिनभर आन्दोलित भएका छन्।

सोमबार बिहानैदेखि मजदुर आन्दोलित हुँदा अरुण तेस्रोको बाँधस्थल फ्याक्सिन्दा दोभानमा काम अवरुद्ध भएको हो। अरुण तेस्रो सुरुङमार्ग निर्माणलगायतका बाँधस्थलको काम भारतीय निर्माण कम्पनी जेपी एशोसियटर्स कन्स्ट्रक्सनले गरिरहेको छ। बाँधस्थलका मजदुरले भौतिक पूर्वाधार कार्यालय सङ्खुवासभाले निर्धारण गरेको दररेटअनुसारको ज्याला नदिएको, आठ घण्टाभन्दा बढी काम लगाएको, समयमा तलब भुक्तानी नगरेको भन्दै कार्यालय घेराउ गरेका छन्।

निर्माण कम्पनीले लामो समयदेखि मजदुरको ज्याला नबढाएको, स्थानीय श्रमिक तथा मजदुरलाई काम नदिएकोलगायतका विषयमा ठेकेदार निर्माण कम्पनीसँग असुन्तष्टि जनाउँदै पटक-पटक काम अवरुद्ध गर्दै आएका छन्। अरुण तेस्रोका मजदुरले यसअघि पनि ज्याला बढाउन माग गर्दै काम अवरुद्ध गर्दा तत्कालै बढाउने सहमति भएको थियो।

वर्ष दिन बितिसक्दासमेत ज्याला बढाउने र स्थानीय मजदुरलाई काम दिने सहमति निर्माण कम्पनीले पालना नगरेको भन्दै पुनः काम अवरुद्ध पार्न बाध्य भएको मजदुर विशाल चौहानले बताए।

रुण तेस्रोको बाँधस्थलमा कार्यरत मजदुरले ज्याला बढाउनुपर्ने माग गरेको भए पनि काम भने अवरुद्ध नभएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद आचार्यले जानकारी दिए। बहुचर्चित ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना भारतीय सतलज कम्पनीले निर्माण गरिरहेको छ। अरुण तेस्रो परियोजनाको गत कात्तिक २६ गते प्रधानमन्त्री केपी ओलीले समेत स्थलगत अनुगमन गर्दै काम सन्तोषजनक रहेको बताए।

अरुण तेस्रो परियोजनामा कूल रु एक खर्ब ४४ अर्ब लागत लाग्ने अनुमान गरिएको छ। सत्तरी प्रतिशत ऋण र ३० प्रतिशत स्वपूँजीमा निर्माण गर्न लागिएको हो। मकालु-५ फ्याक्सिन्दा दोभानबाट ११ किलोमिटर सुरुङ खनेर चिचिला गाउँपालिका-२ को पुखुवामा विद्युत् गृहस्थल रहने छ। विद्युतगृह पुखुवामा भारतीय पटेल इञ्जिनीरिङ कम्पनीले काम गरिरहेको छ।

# सहकारीले अतिरिक्त शुल्क लिन पाउने

काठमाडौं / रासस

सरकारी संस्थाले कर्जा लगानीमा अधिकतम एक प्रतिशतसम्म अतिरिक्त शुल्क लिन पाउने भएका छन्। सहकारी विभागले आगामी माघ १ गतेदेखि लागू हुने गरी सहकारी संस्थाले सदस्यबाट लिन पाउने शुल्क निर्धारण गरेको हो।

सहकारी ऐन, २०७४ को परिच्छेद-७ को दफा ५० (३) र नियमावलीको दफा ७६ (१) (झ) बमोजिम विभागले सेवा शुल्क तोकेको जनाइएको छ। पछिल्लो समय सहकारी संस्थाले सदस्यबाट आफूखुशी अतिरिक्त शुल्क लिन थालेको गुनासोका आधारमा विभागले अधिकतम शुल्क तोकेको हो। मङ्सिर २२ गते सोमबार बसेको विभागको बैठकले उक्त निर्णय गरेको विभागका शाखा अधिकृत शोभा घिमिरेले जानकारी दिइन्। उनका अनुसार सहकारी संस्थाले सदस्यलाई प्रवाह गर्ने कर्जामा नियमानुसार सम्झौताबमोजिम ब्याज रकमबाहेक अतिरिक्त एक प्रतिशसम्म शुल्क लिन पाउनेछन्। सहकारीले कर्जा प्रवाह गर्दा संस्थाको अतिरिक्त खर्च पर्ने अवस्था भई अतिरिक्त शुल्क नलिई नहुने भएमा ब्याजबाहेक अधिकतम शुल्क लिन पाउनेछन्।

यसैगरी सहकारी संस्थाले समूह सिर्जना गरी सामूहिक जमानीमा (लघुवित्त) कर्जा लगानीको हकमा अधिकतम १.५ प्रतिशतसम्म शुल्क लिन पाउने जनाइएको छ। विभागले कर्जाको ब्याज र सेवा शुल्क लिएकोमा थप प्रक्रिया शुल्क, प्रशासन शुल्कजस्ता कुनै पनि अतिरिक्त शुल्क लिन पाउने छैनन्। विभागले गत कात्तिकदेखि लागू हुने गरी ऋणमा १४.७५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गरेको छ। राष्ट्रिय सहकारी महासङ्घ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सङ्घ लिमिटेड, नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लिमिटेड र राष्ट्रिय सहकारी बैंकका प्रतिनिधि सम्मिलित सोमबार बैठकको निर्णय एवं प्राप्त सुझावसमेतको आधारमा सहकारी विभागले उक्त निर्णय गरेको जनाएको छ।

## प्रदेश २ मा एसपीसहित २१ प्रहरी निलम्बित

# हिरासतमा राखेर कारबाही गर्छौं : डिआइजी सिंह

**संजय मिश्रा** / रौतहट



प्रहरी आचरण बिपरीत कृयाकलापमा संलग्न देखिएका २१ जना प्रहरी प्रदेश २ मा निलम्बनमा परेका छन् । बिभिन्न मुद्दामा आर्थिक प्रलोभनमा परेर मर्यादा बिपरीत काम गरेका प्रहरी उपरीक्षकदेखि प्रहरी जवानसम्म गत साउनदेखि हालसम्म २१ जना निलम्वनमा परेका हुन् ।

प्रदेश प्रहरी प्रमुख डिआईजी धिरज प्रताप सिंहले मंगलवार एक कार्यक्रममा आचरण बिपरीत जो कोहीले पनि काम गरेको पाइएमा कानुन बमोजिम कडा कारबाही गरिने चेतावनी दिएका छन् । जनताको ज्यानधनको शान्ति सुरक्षाको लागि नेपाल प्रहरी अहोरात्र खटेको चर्चागर्दै प्रदेशमा कतै कुनै किसिमको गलत कृयाकलाप, शंकास्पद गतिबिधि भएको पाइएमा सीधा आफुलाई जानकारी दिन उनले आग्रह गरेका छन् ।

समाजमा हुनेगरेको अपराध नियन्त्रण प्रहरी एक्लैले मात्र नसक्ने हुनाले नागरिकले दिने एउटा सानो सुचनाले भोलिको ठूलो अपराध नियन्त्रण हुने डिआईजी सिंहले विश्वास ब्यक्त गरेका छन् । गत साउन यता रौतहटमा भएको ८ वटा हत्यामा संलग्न अभियुक्तलाई प्रहरीले पक्राउ गरिसकेको चर्चागर्दै प्रहरी हिरासतमा मृत्यु भएका गरुडा नगरपालिका ८ का १९ बर्षीय बिजयराम चमार हत्या प्रकरणको कार्वाही अगाडि बढिसकेको जानकारी दिएका छन् ।

बिजयराम हत्या प्रकरणमा आरोपी निलम्बित एसपी रबिराज खडका,डिएसपी ज्ञानकुमार महतो, ईन्स्पेक्टर नविनकुमार सिंह,सई बिरेन्द्र यादव,दुईजना हवलदार सहित सबैलाई हिरासतमा राखेर अनुसंधान गरिने डिआईजी धिरज प्रताप सिंहले बताएका छन् ।

उनीहरू बिरुद्धको जाहेरी जिल्ला प्रहरी कार्यालय रौतहटमा दर्ता भएपछि निलम्बित एसपी खडका, डिएसपी महतो, ईन्स्पेक्टर सिंह, सई यादवसहित आरोपी सबैजना फरार भएकाले प्रहरीले गम्भीरतासाथ उनीहरूको खोजी गरिरहेको जानकारी दिएका छन् । बिगतमा बिभिन्न अपराधमा संलग्न रहेका लामो समयदेखि फरारको सुचीमा रहेका सात सय ४५ जना अभियुक्तलाई साउन यता पक्राउ गरिएको उनले जानकारी दिए ।

प्रदेश २ को आठवटै जिल्लामा जारी गरिएको फरार अभियुक्त पक्राउ अभियान अन्तर्गत उनीहरूलाई पक्राउ गरी कानूनको कठघरामा उभ्याइएको डिआईजी सिंहले बताएका छन् । त्यसैगरी गत आर्थिक बर्षको तुलनामा प्रदेश २ मा साउनदेखि कात्तिक मसान्तसम्म अढाइ गुणा बढी राजस्व संकलन भएको प्रदेश प्रहरीले जनाएको छ । मात्र ४ महिनाको अवधिमा प्रदेशका सबै जिल्लामा ३४ करोड रुपैयाँ बराबरको सामान बरामद भएको छ भने गत बर्ष यो अवधिमा मात्र १४ करोडको सामान बरामद भएको प्रदेश प्रहरीको तथ्यांकमा उलेख रहेको छ ।

रौतहटका बिजयराम मृत्यु प्रकरणमा गृहमन्त्रालयद्वारा खटाइएका उपसचिव स्तरीय छानबिन टोलीले स्थलगत अनुगमन निरीक्षण पश्चात घटनामा तत्कालीन रौतहट प्रहरी प्रमुख एसपी रबीराज खडका, ईप्रका गरुडाका प्रमुख डिएसपी ज्ञानकुमार महतो, ईन्सपेक्टर नविनकुमार सिंह, सई बिरेन्द्र यादवलगायत ८ जनालाई दोषी ठहर गर्दै कार्वाहीको लागी सिफारिस गरेको थियो ।

# विद्यार्थीलाई विद्यालय पुऱ्याउन घरदैलो

**टुडे एक्सप्रेस** / जनकपुरधाम



धनुषाको सबैला नगरपालिकामा शतप्रतिशत विद्यार्थीलाई विद्यालयमा पुऱ्याउन घरदैलो अभियान सुरु भएको छ । असमान नेपाल नामको गैर सरकारी संस्थाले पालिकामा सञ्चालन गरेको निक शिक्षा दिअ परियोजना अन्तरगत प्राथमिक तहका शत प्रतिशत विद्यार्थिलाई विद्यालयमा पुऱ्याउन अभियान सुरु गरिएको हो ।

पालिकामा २५ वटा सामुदायिक विद्यालय सञ्चालनमा छ । आयोजक संस्थाले गरेको सर्वेक्षण अनुसार आठ सय ८५ जना विद्यार्थी विद्यालय पहुँच भन्दा बाहिर रहेको छ । शिक्षा दिअ परियोजनाका पालिका संयोजक सुरेश यादवको अनुसार विद्यालय बाहिर रहेका तीन वर्षदेखि ९ वर्ष उमेर समुहका सबै विद्यार्थीलाई विद्यालयमा भर्ना गरी नियमित पठनपाठन गर्ने उद्देश्यले अभियान थालिएको छ ।

'प्राथमिक शिक्षाका शत प्रतिशत विद्यार्थीलाई विद्यालयमा पुऱ्याउन अभियान सुरु भएको छ,' उनले भने, 'घर दैलोको मुख्य उद्देश्य सिकाइ उपलब्धिमा सुधार ल्याउने र विद्यालय भर्ना भएका विद्यार्थीलाई नियमित विद्यालय पठाउने रहेको छ ।' सबैला नगरपालिका-८ का ९९ प्रतिशत विद्यार्थी भर्ना भइसकेको छ । परियोजनाको अगुवाईमा घरदैलो कार्यक्रम सञ्चालन गरिएको छ ।

वडा अध्यक्ष दुर्गाप्रसाद राय, निक शिक्षा दिअ परियोजनाका पालिका संयोजक सुरेश यादव, सरस्वति मावि ठिल्ला सबैलाका प्रधानाध्यापक नथुनी साह, जनता प्रावि ठिल्लाका प्रधानाध्यापक दिनेश राय, युवा सुधार समिति ठिल्लाका अध्यक्ष ईन्जिनियर दिपेन्द्र राय, वडास्थित विभिन्न राजनीतिक दलका प्रतिनिधि, सामाजिक अगुवा लगायत व्यक्तिहरूको सहभागिता रहेको थियो ।

# बुद्ध जन्मभूमिबारेको त्रुटि सच्याउन प्रधानमन्त्रीको आग्रह

**काठमाडौं** / रासस



प्रधानमन्त्री केपी शर्मा ओलीले धर्मका नाममा परस्परमा घृणा तथा द्वेष फैलाउने काम बन्द हुनुपर्ने बताएका छन् । कीर्तिपुर नगरपालिकाको चोभारस्थित सुलक्षण कीर्ति विहार परिसरमा 'शान्ति सुद्धम्मावासा' ज्येष्ठ नागरिक आवास गृहको आज शिलान्यास गर्दै उनले धर्मको मूलमन्त्र शान्ति र मेलमिलाप तथा एकता हुनुपर्ने बताए ।

'हरेक धर्म मेलमिलापका लागि हुनपर्छ, फाटोको निम्ति होइन', उनले भने, 'बुद्ध दर्शनले हामीलाई यस कुरामा प्रष्ट गरेको छ ।'

प्रधानमन्त्री ओलीले शान्तिका अग्रदूत भगवान् गौतम बुद्ध नेपालको भूमिमा जन्मिएको भए पनि बुद्ध धर्मको प्रचार र लुम्बिनीको विकासमा विदेशीको भर पर्नँपर्ने अवस्थालाई अन्त्य गर्न सरकार लागिपरेको बताए । 'लुम्बिनीको विकासका लागि आफ्नो कर्तव्य पूरा गर्न तीव्रताका साथ अगाडि बढ्नु जरुरी छ', उनले भने ।

बुद्ध जन्मभूमिबारे फैलाइएका भ्रम पछिल्ला समय विश्वभरबाट हट्दै गएको उल्लेख गर्दै अमेरिकाले विद्यालयको पाठ्यक्रमबाट बुद्धको जन्मभूमिसम्बन्धी भ्रम सच्याएको जानकारी पाइएको बताए । 'अमेरिकाले बुद्ध नेपालमा नभई अन्यत्रै जन्मिएको भन्ने विषय पाठ्यपुस्तकबाट हटाएर नेपालमै जन्मिएको भनेर लेखेको छ', उनले भने, 'अन्य देशको पाठ्यक्रममा पनि त्रुटि भएको भए म सच्याउन आग्रह गर्दछु ।'

लुम्बिनीलाई विश्वभरका बौद्धमार्गीको आस्थाको केन्द्रका रुपमा विकास गरिने उल्लेख गर्दै उनले लुम्बिनीमा निर्माण गर्न लागिएको पाँच हजार क्षमताको ध्यान केन्द्र निर्माण सम्पन्न हुने क्रममा रहेको बताए । प्रकृति र मानवबीच अन्योन्याश्रित सम्बन्ध रहेको बताउँदै प्रधानमन्त्रीले लुम्बिनीलाई प्रकृतिमय, मानवमैत्री, जीवनमैत्री ध्यान केन्द्रका रुपमा विकास गरिने प्रतिबद्धता व्यक्त गरे । 'पारिस्थितिक प्रणालीको नमूनाका रुपमा हामी लुम्बिनीलाई विकास गर्दैछौं', उनले भने ।

पछिल्ला समय सत्यभन्दा स्वार्थ ठूलो भइरहेकाले समाजमा द्वन्द्व बढ्दै गएको भन्दै उहाँले स्वार्थको भन्दा पनि सत्यको पुजारी बन्न अपिल गरे । स्वार्थ हावी हुँदा आफूले देश र जनताका पक्षमा काम गर्दा पनि कुनै पक्षबाट सहयोग नपाएको प्रधानमन्त्रीले बताए । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पूरा गर्न सरकार लागिपरेको उल्लेख गर्दै उनले अब कुनै पनि नेपालीले असुरक्षा र अभाव महसुस गर्नँ नपर्ने बताए ।

'अब कसैले पनि म हेपिएँ, ठगिएँ, असुरक्षित र अभावग्रस्त छु भन्ने महसुस गर्नँ पर्दैन, सरकार आवश्यक र औचित्यका आधार तथा जैविक र न्यायोचित रुपमा प्राप्त गर्नँपर्ने कुरा पूरा गर्न तयार छ', चन्दा नदिएकै भरमा केही अवाञ्छित तत्व व्यक्ति हत्यामा उत्रिएका भए पनि सरकार हत्या, हिंसा रोक्न क्रियाशील रहेको बताए । सबैले निर्भय भएर बाँच्न पाउने वातावरण सिर्जना गरिने उनको भनाइ थियो ।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले आफू सो क्षेत्रमा सर्वदलीय संयन्त्रमा रहँदैदेखि नै विहारको विकासमा लागेको जानकारी गराउँदै ज्येष्ठ नागरिक आवास गृहको निर्माणमा सक्दो सहयोग गरिने प्रतिबद्धता व्यक्त गरे । विहारका प्रमुख डा अनोजा गुरुमांले ज्येष्ठ नागरिकलाई सम्मान र सुविधाका लागि रु ३० करोडको लागतमा आवासगृह निर्माण गर्न लागिएको बताए ।

सो अवसरमा प्रधानमन्त्री ओलीले आवासगृह निर्माण गर्न धर्मपत्नी राधिका शाक्यका तर्फबाट रु पाँच लाख सहयोग उपलब्ध गराइने घोषणा गरेको थियो । विहारले शारीरिक तथा मानसिक स्वास्थ्य सबल बनाउन विपश्यना ध्यान तथा जनस्वास्थ्यका क्षेत्रमा विभिन्न कार्यक्रम गर्दै आएको छ ।

## सवारी दुर्घटनामा युवकको मृत्यु

**टुडे एक्सप्रेस** / जनकपुरधाम

धनुषामा यात्रुवाहक बसले मोटरसाइकललाई ठक्कर दिँदा एकजनाको ज्यान गएको छ । ज्यान जानेमा धनुषाको मिथिला नगरपालिका ६ ढल्केवरका ३७ वर्षीय विवेक बस्नेत रहेको प्रहरीले जनाएको छ ।

सोमबार राति पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना.५ख. ६१२३ नम्बरको बसले ढल्केवरबाट गोदारतर्फ गइरहेको ज. ११ प. ९५८८ नम्बरको मोटरसाइकलमा बिरेन्द्रबजारमा ठक्कर दिएको थियो । मोटरसाईकल चालक बस्नेतको घटनास्थलमै मृत्यु भएको हो । ठक्कर दिने बस र चालकलाई ईलाका प्रहरी कार्यालय ढल्केवरले नियन्त्रणमा लिएको छ । मृतक बस्नेतको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ । घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# उखुको मूल्य बढाउन किसानको माग

**सर्लाही** / रासस



जिल्लाका किसानले अघिल्ला वर्षभन्दा बढाएर उखुको मूल्य कायम गर्न माग गरेका छन् । जिल्लाका उखु किसानका चार सङ्गठनले जिल्ला प्रशासन कार्यालय सर्लाहीमार्फत कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई ज्ञापनपत्र बुझाउँदै यस वर्ष उखुको मूल्य प्रतिक्विन्टल रु ६१७ कायम गर्न माग गरेका हुन् ।

केही वर्षयता सरकारले प्रतिक्विन्टल उखुको मूल्य रु ५३६ र पैसा ५६ तोक्ने क्रममा उद्योगीले रु ४७१ र पैसा २८ तथा सरकारले प्रतिक्विन्टल रु ६५ रुपैयाँ २८ पैसा अनुदानस्वरुप किसानलाई उपलब्ध गराउने निर्णय गर्दै आइरहेको छ । अघिल्ला वर्षभन्दा रु ८० बढी मूल्य कायम गर्न माग गरिएको जिल्लाका किसानले बताएका छन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र चिनी उद्योग सङ्घलाई बोधार्थ राखी बुझाइएको ज्ञापनपत्रमा उखु बेचिएको १५ दिनभित्र उद्योगले दिने रकम र सरकारले उपलब्ध गराउने अनुदा उपलब्ध हुनुपर्ने माग गरिएको छ । यस्तै उखु किसानसँग सम्बन्धित नीतिनिर्माण गर्दा किसान प्रतिनिधिलाई अनिवार्य सहभागी गराउन, अन्नपूर्ण चिनी मिललगायत केही चिनी मिलले उखु किसानलाई भुक्तानी दिन बाँकी बक्यौता तुरुन्त भुक्तानी दिलाउन, अटेर गर्ने मिल मालिकलाई कारवाही गर्न, उखुखेती गर्ने किसानलाई सुलभ ढङ्गले सहुलियतपूर्ण कर्जा व्यवस्था गर्न, उखुखेतीमा उत्पादकत्व वृद्धि गर्नका लागि गुणस्तरीय बीउ, मल, प्रविधि, सिंचाइ र औजार व्यवस्था गर्न तथा अहिलेको अवस्थामा उखुलाई जातका आधारमा मूल्यमा विभेद नगरी देशभर नै उखुको एउटै मूल्य कायम गर्न माग गरिएको छ ।

ज्ञापन-पत्रमा मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेती, उखु किसान हकहित समिति सर्लाहीका उपाध्यक्ष रामशरण उप्रेती, अखिल नेपाल किसान महासङ्घ सर्लाहीका उपसंयोजक रामहरि प्रसाईं र जिल्ला उखु उत्पादक सङ्घ सर्लाहीका गोविन्द मैनालीको उपस्थितिमा ज्ञापनपत्र बुझाइएको मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष उप्रेतीले बताए ।

ज्ञापन-पत्रमा दुई वर्ष अगाडि चिनीमा आत्मनिर्भर हुन लागेको देशमा आज अर्बौंको चिनी आयात भइरहेको, पाँच महिनाभन्दा बढी समय चल्ने चिनी मिल तीन महिना पनि चल्न मुश्किल पर्न थालेको, नगदेबाली भनिए पनि बिक्री रकम लिन किसानले रोइकराई गर्नँपर्ने अवस्था रहेकामा किसानका सङ्घसङ्गठनले चिन्ता व्यक्त गरेका छन् ।

## विद्युतको ३८ करोड बक्यौता

**वीरगञ्ज** / रासस

नेपाल विद्युत् प्राधिकरण पोखरीया वितरण केन्द्रले समुदायस्तरमा रहेका विद्युत् उपभोक्ता समितिबाट ३७ करोड ८७ लाख ९ हजार २ ९४ रुपैया बक्यौता रकम उठाउन सकेका छैनन् । पर्साका १४ स्थानीय तहमध्ये पोखरीया वितरण केन्द्रको मातहतका १३ स्थानीय तहमा रहेका ३० विद्युत् उपभोक्ता समितिमध्ये २२ वटासँग उक्त रकम बाँकी रहेको केन्द्रका प्रमुख इन्जिनीयर उपेन्द्रनारायण यादवले बताए ।

कोरोना संक्रमणको कारण लामो समयदेखिको बन्दाबन्दीले उपभोक्ता समितिसँग रकम उठाउन नसकिएको भन्दै केन्द्रका प्रमुख यादवले भने, 'समुदायस्तरमा रहेका विद्युत् उपभोक्ता समितिले आफ्ना ग्राहकसँग रकम उठाएर प्राधिकरणलाई नतिर्ने परिपाटीको कारण सो रकम हालसम्म उठाउन नसकिएको भए पनि समयमै रकम भुक्तानी गर्न पत्राचार गरिएको छ ।'

विगतमा ४१ दशमलव ७३ प्रतिशत चुहावट रहेकोमा कडाइ गरिएपछि सो चुहावट २८ प्रतिशतमा झरेको जनाइएको छ । सो केन्द्रसँग हाल १३ हजार ग्राहक रहेका छन् ।

## यातायातको ११ करोड कम राजश्व

सवारी सरुवा सहमति दस्तुरमा सरकारले नयाँ नियम लगाएको कारण यातायात व्यवस्था कार्यालय (सवारी) पर्सा वीरगञ्जले गत आर्थिक वर्ष भन्दा यस आर्थिक वर्षको कात्तिक मसान्तसम्ममा ११ करोड २५ लाख १३ हजार कम राजश्व उठाएको छ ।

सो कार्यालयले आर्थिक वर्ष २०७७/७८ को कात्तिक मसान्तसम्ममा १८ हजार ९४३ सवारी साधन दर्ता गरी रु ३४ करोड १७ लाख ८५ हजार मात्र राजश्व संकलन गर्न सफल भएको छ । आर्थिक वर्ष २०७६/७७ को कात्तिक मसान्तसम्ममा ४५ हजार २७७ वटा सवारी साधन दर्ता गरी ४५ करोड ४२ लाख ९८ हजार रुपैया संकलन गरेको सो कार्यालयका प्रमुख कुशेश्वर साहले राससलाई बताए ।

अघिल्लो आर्थिक वर्षमा सवारी सरुवा दस्तुरमा नयाँ व्यवस्था नभएकोले राजश्व बढी उठेको थियो तर यस आर्थिक वर्षमा सो सम्बन्धी नयाँ व्यवस्था गरेकोले राजश्व घटन गएको जनाइएको छ ।

अघिल्लो वर्षसम्म भन्सारबाट आएको गाडी वीरगञ्ज कार्यालयबाटै दर्ता भई अन्य जिल्लामा जाने गरिन्थ्यो तर देश सङघीयतामा गएपछि अब गाडीको सहमति ल्याउँदा वीरगञ्जमा लाग्ने दस्तुर हटाइएकोले राजश्व प्रभावित भएको सो कार्यालयले जनाएको छ ।

**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर